**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ८२ ★ ने. सं. ११४६ चौला गा, त्रयोदशी ★ बुधबार ★ २ वैशाख, २०८३ ★ April 15, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



भेनेजुयलाको राजधानी काराकसमा वर्षा र प्रतिकूल मौसमको पर्वाह नगरी मार्च पासपछिको भेलामा सहभागी बोलिभारियाली मिलिसिया तथा चाभेजपन्थी जनता र भेलालाई सम्बोधन गर्दै कार्यवाहक भेनेजुयाली राष्ट्रपति डेल्सी रोड्रिगेज अप्रिल १३, २०२६ का दिन । सन् २००२ मा दक्षिणपन्थीहरूले तत्कालीन राष्ट्रपति एवम् बोलिभारियाली समाजवादी क्रान्तिका कमान्डर ह्युगो चाभेजको अपहरण र कूपछि जनआन्दोलनको बलमा सत्तामा पुनरागमनको स्मरणमा हरेक वर्ष अप्रिल १३ का दिन नागरिक र मिलिसियाले मार्चपास गर्दै आएका छन् ।

*तस्बिर : टेलिसुर*

## हतपतको काम लटपट नहोस् भन्ने हाम्रो भनाइ !

कुनै पनि सरकारका मन्त्रीहरूले आफूहरू नै 'सर्वज्ञ' ठानेर वा केही अव्यावहारिक एवं गलत सल्लाहकारहरूको 'हाहुमा लागेर' काम गर्दा देशले ठुलठुला नराम्रो परिणाम भोगेको जगजाहेर छ । परीक्षा नै नलिई ५ कक्षासम्म कक्षा चढाउने एक महिला शिक्षामन्त्रीको निर्णयले शिक्षाको स्तर घटेको देशभरका शिक्षक र अभिभावकहरूले भोगेकै विषय हो । एसएलसीको सट्टा एसईई गर्नासाथ कक्षा १० का विद्यार्थीहरूमा पढ्ने भावनामा कमी आएको पनि धेरैले महसुस गरेको विषय हो । शिक्षामन्त्री र त्यस बेलाका सरकारको निर्णयबाट देशले तलका नराम्रा क्षतिहरू भोग्न बाध्य भए -

एक, परीक्षा नलिई माथिल्लो कक्षा चढाइएका अत्यन्त बहुमत विद्यार्थीहरू स्तरहीन भई माथिल्ला कक्षाको प्रवेश परीक्षामा अनुत्तीर्ण हुँदा माथिल्ला कक्षामा भर्ना हुन सकेनन् । ती स्तरहीन विद्यार्थीहरूमध्ये बढी विदेशको ज्यामी बन्न बाध्य भए; सरकारको त्यो निर्णयले म्यानपावर कम्पनी (गल्लावालहरू) र विदेशी पुँजीका भक्तहरू खुसी हुने नै भए ।

दुई, विदेश नगएका त्यसबेलाका स्तरहीन विद्यार्थीहरू कक्षा माथि उक्लिन नसकेर बर्बाद भए, कति लागूपदार्थको लतमा लागे भने कति नराम्रा पेसामा लागे ।

यसकारण, कुनै पनि सरकारले नयाँ नीति लागू गर्दा अचानक नगरी व्यापक छलफल गरी देशका सबै विचारका बुद्धिजीवीहरूसँग सल्लाह लिँदा कम क्षति हुनु स्वाभाविक हो । एक जना जान्ने सुन्ने भइटोपलेका मन्त्रीको कारण नयाँ पुस्ता नै बर्बाद हुने विषयलाई 'कानुन सरह लागू' गर्नु स्वयं एक अराजकता हो । त्यस्ता निर्णय र देशलाई हुने क्षतिबाट यो नयाँ सरकार जोगिनै पर्छ - देश र जनताको हितमा ।

**दुई दिनको बिदाबारे**

वर्तमान सरकारले पहिले असफल भएको 'दुई दिनको बिदा' नीतिलाई पुन: लागू गरेको छ, यसको परिणाम ध्वंसात्मक साबित हुने नै छ ।

नेपाल सबभन्दा बढी बिदा पाउने देशहरूमध्ये पर्दछ । धेरै बिदाको अर्थ हो - नयाँ पुस्ताले धेरै दिन पढ्न पाउने अवसरबाट वञ्चित हुनु । दुई दिनको बिदा वा लामो बिदाको बन्दोबस्तले नयाँ बालबालिकाहरूको पढाइमा ठुलो बाधा-व्यवधान नै खडा हुने निश्चित छ । नयाँ सरकार र नयाँ पुस्ताको नाममा सरकार देशद्रोहीहरूको हातमा पर्नुको अर्थ सत्यानाशलाई निम्तो दिनु हुन्छ ।

उदाहरण हो - नयाँ पुस्ताको नाममा प्रम गिरिजाप्रसाद कोइरालाका छोरी सुजाता कोइरालालाई मन्त्री बनाउँदा केही नकारात्मक युवाहरूले '... दिदी अगाडि बढ् ज्यान दिन तयार छौँ' भन्ने गर्दा सुडान काण्ड, लाउडा काण्ड, पासपोर्ट छपाइ काण्ड र अनेका काण्डहरू भए, उक्त काण्डमा आफ्नै छोरी-ज्वाइँ बङ्गालीकै कारण देशले धेरै बेइज्जती र क्षति ब्यहोर्न बाध्य भयो ।

यस्ता घटनाले बताउँछ - नयाँ र कम उमेरको भन्दैमा तिनीहरूबाट सबै राम्रा हुन्छन् भन्ने होइन । पुरानाहरू भ्रष्टाचार गर्न पोख्त हुन्छन् तर सबै पुराना 'एउटै ड्याङका मूला' हुँदैनन् । त्यस्तै नयाँ हुँदैमा सबै खराब र खोटो काम गर्छन् भन्ने होइन । कम उमेर नै योग्यता हुने भए १० वर्षका केटा २५ वर्षका युवाभन्दा राम्रो हुन्छ भन्ने तर्क खोटपूर्ण हो ।

सत्य के हो भने हरेक वस्तु र प्राणीमात्रमा पनि बलियो र कमजोर पक्ष हुन्छ । ठुलो मानिसको ठुलो कमजोरी र सानो मानिसको साधारण कमजोरी हुन्छ । सत्तामा बस्नेहरूको पनि छोराछोरीहरूप्रति मोह हुनु स्वयं कमजोरी हुन्छ । भारतमा

*बाँकी पृष्ठ ८ मा*

# आर्थिक अपराध र भ्रष्टाचार प्रकरणको मुद्दा नथन्कियोस्

काठमाडौँ, १ वैशाख । रास्वपाको सरकारले देशमा भ्रष्टाचारीहरूमाथि कारबाही गरेर सुशासन ल्याउने उद्घोष गऱ्यो । सरकारको त्यो उद्घोष नारामा सीमित रह्यो या व्यवहारमा आएन । उद्घोष गरेर कार्यान्वयन नगर्ने सरकारी कामलाई हल्लाको राजनीति भनिन्छ । जनताको दबाबमा सरकारी मन्त्रीहरूले आ-आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरे । उनीहरूले भएभरको सम्पत्ति विवरण सार्वजनिक गरे या गरेनन् त्यो आफ्नो ठाउँमा छ । तर, सार्वजनिक भएको सम्पत्तिको स्रोत के हो भन्ने प्रश्न पनि उठ्यो । वैशाख १ गते प्रकाशित नेपाल समाचारपत्रमा लेखियो, 'प्रधानमन्त्रीदेखि मन्त्रीसम्मको सम्पत्तिमा प्रश्नै प्रश्न ।' मन्त्रिपरिषद्का सदस्यहरूले आफ्नो सम्पत्ति सार्वजनिक गरेलगत्तै जनस्तरमा शङ्का र असन्तुष्टि चुलिएको छ । उनीहरूले करोडौँको सम्पत्ति कसरी जुटाए भन्ने प्रश्न उठेको छ ।

सरकारले शासकीय सुधारसम्बन्धी सयदिने कार्यसूचीअनुसार समयमै सम्पत्ति छानबिन समिति गठन गर्न सकेन । आफ्नो वाचा समयमै पूरा गर्न नसक्दा सरकारको प्रतिबद्धता र कार्यक्षमतामा प्रश्न खडा भएको छ । त्यसबारे समाचारमा लेखियो, 'सुशासनको 'टेस्ट केस' मै सरकार अलमलमा ।' प्रश्न गरियो, 'सम्पत्ति छानबिन समिति कहिले ?' उच्चपदस्थका लुकाइएको सम्पत्ति भेटिएला ?' अत: भ्रष्टाचार नियन्त्रण, लुकाएको सम्पत्ति छानबिन र दण्डहीनताको अन्त्य गर्ने सरकारको उद्देश्य नारामा मात्र सीमित हुने त होइन भन्ने अर्को प्रश्न तेर्सिएको छ । छानबिन प्रक्रिया अघि बढाएको जस्तो गरेर अलपत्र पो पार्ने हो कि ! ठुला आर्थिक अपराध र भ्रष्टाचार प्रकरणका मुद्दा त्यसै थन्कियो भने शक्तिशाली छानबिन समिति गठन गरेरै के गर्ने ?

त्यसो त विगतमा पनि सरकारले छानबिन गर्ने र भ्रष्टाचारीमाथि कारबाही गर्ने वाचा गरेको थियो । छानबिन प्रक्रियासँगै केही कारबाही पनि भयो । तर, त्यो बिचमा थन्कियो र अन्य कारबाहीको प्रक्रिया अघि बढाइएन । अहिलेको सरकारले पनि छानबिनको प्रक्रिया अघि बढाएर दोषीमाथि कारबाही गर्ने प्रतिबद्धता जनायो । राजनीतिक विश्लेषक र अर्थविद्हरूले रास्वपा निर्वाचित सांसदहरूबाटै प्रक्रिया अघि बढाउने कुरा पनि उठाए । रास्वपाका सांसदहरूले के कस्ता प्रकरणका मुद्दाहरू खेपेका थिए ? उनीहरूको पहिलेको भूमिका कस्तो थियो ? उनीहरू के कस्ता काण्डमा मुछिएका थिए ? आफ्नो पक्षको छानबिन नगरी अर्को पक्षको छानबिन गरेर विभेद गर्न नहुने कुरा हिजोझैँ आज पनि उठेको छ ।

भ्रष्टाचारीहरूमाथि कारबाही गर्नुको अर्थ भ्रष्टाचारीहरूलाई हतोत्साही बनाउनु हो । भ्रष्टाचारीहरू कारबाहीमा परे भ्रष्टाचार गर्न उत्प्रेरित नहुने विश्लेषण छ । हाल भ्रष्टाचार प्रकरणका जे जति मुद्दा छन्, सबैको गहिरिएर छानबिन भए सत्य कुरा बाहिर आउने छ र क-कसले के कति भ्रष्टाचार गरे या नगरे भन्ने थाहा हुन्छ । भ्रष्टाचारीहरू कारबाहीमा परे र अबका दिनमा भ्रष्टाचार नभए देश भ्रष्टाचार बढी हुने देशको सूचीमा पर्ने छैन । अनि देशमा सुशासनको यात्रा थालनी भयो भन्ने अनुभूति हुन्छ । वास्तवमा देश भ्रष्टाचार र अनियमितताको खाडलमा परेकै कारण देश बदनाम भएको हो । तर, सरकारका समर्थक नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कार्यकर्ता, कर्मचारी इमानदार, कर्तव्यनिष्ठ, नि:स्वार्थी, देशभक्त नभएसम्म देशमा सुशासनको अनुभूति गर्न पाउने छैन ।


## लोकतन्त्र दिवस, २०८२


❖संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
❖नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
❖विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
❖सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
❖भ्रष्ट्राचार र अन्यायका विरुद्ध सचेत रहौं,
❖लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

**व्यङ्ग्यचित्र कुनो**





**सपनतीर्थमा भक्तजन**

काठमाडौँको टोखा नगरपालिका-२ स्थित सपनतीर्थ मन्दिरमा पूजा आराधना गर्न आएका भक्तजन । नयाँ वर्ष अर्थात् वैशाख १ गते मन्दिर परिसरमा रहेको पोखरीमा स्नान गरी मन्दिरमा पूजा आराधना गर्ने परम्परा रहेको छ । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# विभागद्वारा एकै दिन ५४ फर्ममा अनुगमन

काठमाडौँ, १ वैशाख । बजार अनुमगन तथा निरीक्षणमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले थप सक्रियता देखाएको छ । एकैदिन ५४ वटा व्यापारिक प्रतिष्ठान र फर्ममा विभागले अनुमगन गरेको हो ।

कालोबजारी नियन्त्रण, अखाद्य वस्तुको कारोबार नियन्त्रण गर्दै उपभोक्ताको अधिकार संरक्षणका लागि विभागले एकैदिन ५४ वटा फर्ममा अनुगमन गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन एवं कारबाही गरिएको विभागले उल्लेख गरेको छ । विभागले काठमाडौँ महानगरपालिका-१४ मा अवस्थित खसीबजार आसपासका क्षेत्रमा अनुगमन गरेको थियो । विभागले सबै फर्मलाई सुधारात्मक निर्देशन दिएको छ । उपभोक्ता अधिकारकर्मी, सरोकार भएकाहरूको उपस्थितिमा विभागले नियमित रूपमा बजारको अनुमगन गर्दै आएको जनाएको छ । ***(रासस)***

# लागूऔषधसहित पक्राउ

काठमाडौँ, १ वैशाख । काठमाडौँ उपत्यकाका विभिन्न स्थानबाट अवैध लागुऔषधसहित १० जनालाई पक्राउ गरेको छ ।

प्रहरीको उनीहरूको साथबाट खैरो हेरोइन २२४ ग्राम र अफिम ५२ ग्रामसहित १० जनालाई लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले विभिन्न मितिमा पक्राउ गरेको छ ।

सो ब्युरोबाट खटिएको प्रहरीले झापा गौरीगञ्ज गाउँपालिका-३ घर भएका २४ वर्षीय सुरज दाहाल, रामेछाप लिखु तामाकोसी गाउँपालिका-६ घर भएका २६ वर्षीय ईश्वर खत्री र काठमाडौँ महँनगरपालिका ३० घर भएका ४५ वर्षीय अर्विन प्रधानलाई खैरो हेरोइन ३१ ग्राम ८०० मिलिग्रामसहित पक्राउ गरेको हो ।

यसैगरी, दोलखा शैलुङ गाउँपालिका-२ घर भएका ३६ वर्षीय सुकमान तामाङ, काभ्रे नमोबुद्ध नगरपालिका-२ घर भएका २९ वर्षीय पवन लामा, कास्की घर भएका ४८ वर्षीय रोहितबहादुर राना र पर्सा ठोरी गाउँपालिका-४ घर भएका ३५ वर्षीय विशाल विकलाई खैरो हेरोइन ९८ ग्राम ७६० मिलिग्रामसहित पक्राउ गरेको हो ।

यसैगरी, काठमाडौँ, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट अवैध लागुऔषध गाँजा जस्तो देखिने पदार्थ करिब दुई किलो ९६० ग्रामसहित एक भारतीय नागरिकलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

श्रीलङ्कन एयरलाइन्सको उडानद्वारा कोलम्बोबाट काठमाडौँ आएका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले उक्त पदार्थसहित पक्राउ गरेको हो । ***(रासस)***

# उपभोक्ता समिति हटाउने प्रस्तावले साना विकास योजनामाथि खतरा: स्थानीय सहभागिता र रोजगारीमा असर पर्ने चिन्ता

काठमाडौँ, २ वैशाख । सार्वजनिक खरिद ऐन संशोधनको प्रस्तावित मस्यौदामा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई खरिद प्रक्रियाबाट हटाउने व्यवस्था समावेश भएपछि देशभर यसको व्यापक विरोध सुरु भएको छ । विशेषगरी साना तथा स्थानीयस्तरका विकास आयोजनामा प्रत्यक्ष संलग्न हुँदै आएका उपभोक्ता समितिलाई हटाउने प्रस्तावले कानुनी राज्यको नाममा असमानता र केन्द्रीकरण बढाउने खतरा देखिएको भन्दै सरोकारवालाहरूले सरकारको कदममाथि गम्भीर प्रश्न उठाएका छन् ।

हालको व्यवस्थाअनुसार स्थानीय स्तरमा १० लाखदेखि ६० लाखसम्मका साना आयोजना उपभोक्ता समितिमार्फत छिटो, सस्तो र प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका छन् । गाउँ-टोलमै गठन हुने यस्ता समितिले १०-१५ दिनमै काम सम्पन्न गर्ने उदाहरणहरू प्रशस्तै छन् । यसले एकातिर स्थानीय रोजगारी सिर्जना गरेको छ भने अर्कोतर्फ निर्माण कार्यमा प्रत्यक्ष निगरानीका कारण गुणस्तर पनि सुनिश्चित हुँदै आएको स्थानीयहरूको अनुभव छ । तर, प्रस्तावित संशोधनले यही संरचनालाई हटाएर सम्पूर्ण काम ठेक्का प्रणालीमा लैजान खोजेको देखिन्छ, जसले साना आयोजनाहरूमा अनावश्यक लागत वृद्धि र ढिलाइ निम्त्याउने जोखिम रहेको विज्ञहरू बताउँछन् ।

युवा पुस्ता, विशेषगरी 'जेनजी' समूहले पनि उपभोक्ता समिति हटाउने प्रस्तावको खुलेर विरोध गरेको छ । उनीहरूको तर्क छ । साना आयोजनालाई करोडौँको ठेक्कामा रूपान्तरण गर्दा भ्रष्टाचार बढ्ने मात्र होइन, स्थानीयको पहुँच र सहभागिता समाप्त हुने खतरा हुन्छ । स्थानीय युवाहरूका अनुसार उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाले गाउँमै रोजगारी सिर्जना गर्ने, स्थानीय स्रोत साधनको उपयोग गर्ने र काम छिटो सम्पन्न गर्ने अभ्यासलाई संस्थागत गरेको छ । यस्तो प्रणाली हटाउनु विकासको विकेन्द्रीकरणको अवधारणाविपरीत हुने उनीहरूको भनाइ छ ।

सरकारले भने खरिद प्रक्रियामा पारदर्शिता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले ऐन संशोधन गर्न लागेको दाबी गरेको छ । प्रस्तावित मस्यौदामा पेस्की रकमको दुरूपयोग रोक्न कडा प्रावधान, समयमै काम नगर्ने ठेकेदारमाथि कारबाही, जिम्मेवार कर्मचारीलाई दण्ड तथा उत्कृष्ट काम गर्नेलाई पुरस्कार दिने व्यवस्था समावेश गरिएको छ । तर, यस्ता सुधारका नाममा उपभोक्ता समितिलाई नै विस्थापित गर्नु समाधानभन्दा समस्या बढाउने कदम हुने विश्लेषकहरूको धारणा छ ।

अघिल्ला सरकारहरूको अनुभवले पनि उपभोक्ता समितिसम्बन्धी निर्णयहरू विवादित बनेको देखिन्छ । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले उपभोक्ता समितिको अधिकार सीमित गर्ने प्रयास गर्दा व्यापक आलोचना भएपछि त्यसलाई सुधार्न बाध्य भएका थिए । त्यसैले अहिले फेरि त्यही विषयलाई उठाएर विवाद निम्त्याउनु सरकारको नीतिगत अस्थिरताको सङ्केत भएको आलोचकहरू बताउँछन् ।

विज्ञहरूका अनुसार उपभोक्ता समितिमा केही कमजोरीहरू अवश्य छन् । जस्तै:- पारदर्शिताको अभाव, राजनीतिक हस्तक्षेप र कहिलेकाहीँ गुणस्तरमा सम्झौता । तर, समाधानको उपाय सुधार र कडाइ हुनुपर्नेमा पूर्ण रूपमा खारेज गर्नु गलत दृष्टिकोण हुने उनीहरूको भनाइ छ । कडा मापदण्ड, नियमित अनुगमन, पारदर्शी लेखा प्रणाली र उत्तरदायित्व सुनिश्चित गरेर उपभोक्ता समितिलाई अझ प्रभावकारी बनाउन सकिने उनीहरूको सुझाव छ ।

अर्कोतर्फ साना योजनालाई ठेक्का प्रक्रियामा लैजाँदा प्रशासनिक जटिलता बढ्ने, समय लम्बिने र लागत अनावश्यक रूपमा फुल्ने सम्भावना उच्च हुन्छ । ग्रामीण क्षेत्रमा ठेकेदारको पहुँच सीमित हुने, काम अधुरो छाड्ने वा ढिलाइ गर्ने प्रवृत्ति दोहोरिने जोखिम पनि त्यत्तिकै गम्भीर छ । यसले विकासप्रति जनविश्वास कमजोर पार्ने खतरा रहेको स्थानीय तहका प्रतिनिधिहरू बताउँछन् ।

सरकारले मस्यौदालाई प्रारम्भिक चरणमा रहेको भन्दै सुझाव सङ्कलन गरिरहेको जनाएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार सरोकारवाला निकाय, विज्ञ तथा सर्वसाधारणबाट प्राप्त सुझाव समेटेर अन्तिम मस्यौदा तयार पारिनेछ, जसलाई मन्त्रिपरिषद् हुँदै संसद्मा पेस गरिनेछ । तर, सरोकारवालाहरूले उपभोक्ता समितिसम्बन्धी प्रावधानलाई पहिलो प्राथमिकतामा राखेर पुनर्विचार गर्न सरकारलाई आग्रह गरेका छन् ।

कानुनी राज्यमा सबैलाई समान अवसर र सहभागिता सुनिश्चित गर्नु मूल आधार मानिन्छ । स्थानीय समुदायलाई नै बाहिर राखेर विकास प्रक्रिया अघि बढाउने प्रयासले केन्द्रमा शक्ति केन्द्रीकरण गर्ने र जनसहभागिता कमजोर बनाउने सङ्केत देखिएको छ । त्यसैले उपभोक्ता समितिलाई हटाउने होइन, सुधार गरेर अझ सशक्त बनाउने दिशामा अघि बढ्नुपर्ने आवाज बलियो बन्दै गएको छ ।

# विद्युत् खपत रणनीति बनाउन आवश्यक छलफल गर्दै ऊर्जा मन्त्रालय

काठमाडौँ, १ वैशाख । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री र नेपाल उद्योग परिसङ्घबिच मुलुकको ऊर्जा क्षेत्रको विकास गर्न र थप उन्नयनका बारेका सोमबार छलफल भएको छ । सो अवसरमा मन्त्री श्रेष्ठले समग्र ऊर्जा क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्ध रहेको बताउनुभयो ।

मन्त्री श्रेष्ठले विद्युत्को निर्यातसँगै आन्तरिक खपत कसरी बढाउने भन्नेतर्फ पनि सरकारले गृहकार्य गरिरहेको बताउनुभयो । सरकारले जलाशय तथा नविकरणीय ऊर्जा, विद्युत् खपत बढाउने रणनीतिलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै उहाँले ऊर्जा क्षेत्रले कुल गार्हस्थ उत्पादन (जिडिपी) मा कसरी योगदान बढाउन सकिन्छ भन्ने विषयमा निजी क्षेत्रको स्पष्ट सुझावको अपेक्षा गरेको स्पष्ट पार्नुभयो ।

परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले विद्युत् खपत बढाउने नीति अवलम्बन गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले उद्योगलाई आवश्यक ऊर्जा उत्पादन गरी 'हि्वलिङ्ग चार्ज' लगाई प्रसारण गर्न दिने नीति कार्यान्वयन गर्न, निजी क्षेत्रलाई विद्युत्को आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको अनुमति दिने नीति लिन सुझाउनुभयो ।

सङ्घीय सरकारबाट स्वीकृति लिई सर्भे सम्पन्न गरिसकेका र विद्युत् खरिद सम्झौता हुन बाँकी सबै परियोजनासँग तत्काल विद्युत् खरिद सम्झौता (पिपिए) गर्न, विद्युत्को आन्तरिक खपत बढाउने नीति लिन, जीवास्म इन्धनमा आधारित उद्योगलाई विद्युत्मा आधारित उपकरणले विस्थापित गर्न सहुलियत दिने व्यवस्था गर्न आग्रह गर्नुभयो । उहाँले वैकल्पिक ऊर्जा स्रोततर्फ पनि ध्यान दिइनुपर्नेमा जोड दिनुभयो । ***(रासस)***

# नयाँ वर्षमा आन्तरिक र बाह्य पर्यटकको घुइँचो बढ्यो

भक्तपुर, १ वैशाख । नयाँ वर्ष २०८३ को आगमन भएसँगै मङ्गलबारको पहिलो सूर्योदयलाई स्वागत गर्न नगरकोटमा यतिखेर आन्तरिक तथा बाह्य पयटकको घुइँचो बढेको छ । भक्तपुरका प्रमुख गन्तव्य मानिएका पर्यटकीयस्थल नगरकोटबाट रानीकोटसम्मका होटल स्वदेशी पर्यटकले खचाखच हुँदा यहाँका पर्यटन एवं होटल व्यवसायी उत्साहित भएका छन् ।

पर्यटन व्यवसायमा विदेशी पर्यटकमात्रै नभई आन्तरिक पर्यटकको आगमनको बढ्दो चापले व्यवसायी उत्साहित भएका हुन् । नयाँवर्ष २०८३ को आगमनले भक्तपुरका पर्यटकीय क्षेत्र नगरकोटबाट रानीकोटसम्म आन्तरिक तथा विदेशी पर्यटकले भरिएका छन् ।

नगरकोटमा नयाँवर्षको पहिलो सूर्योदयलाई स्वागत गर्न स्वदेशी तथा विदेशी पर्यटकले यहाँका होटल भरिभराउ भएका व्यावसायी बताउँछन् । विसं २०८२ को बिदाइ गर्दै २०८३ को पहिलो सूर्योदय र यहाँका हिमाली दृश्यावलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकले नगरकोटको आकर्षण थप बढाएका होटल व्यवसायी एवं होटल चौतारीको सञ्चालक बद्री माकले बताउनुभयो ।

अङ्ग्रेजी नयाँ वर्षमा पर्यटकीय चाप बढ्दा व्यवसायीमा उमङ्ग थपेको बताउँदै माकले भन्नुभयो, "विदेशी पर्यटकको चाप पनि बढेको छ, स्वदेशी पर्यटकको चाँप निकै बढेको छ, अङ्ग्रेजी नयाँ वर्षमा करिब ५० प्रतिशत विदेशी पर्यटक र ५० प्रतिशत स्वदेशी पर्यटकले यहाँको होटल भरिएका छन् ।"

सामान्यदेखि फाइभ स्टारसम्मका होटल रहेको नगरकोटमा नयाँ वर्षमा स्वदेशी पर्यटकको चाप बढेपछि व्यवसायी थप होटल र कोठा थप्न उत्साहित भएका बताउँदै नगरकोट बेसक्याम्पका सञ्चालक अनुप केसीले नगरकोटमा थप होटल खुल्नेक्रम जारी रहेको उल्लेख गर्नुभयो । चिसो रातमा पनि नयाँ वर्षको स्वागत र सूर्योदयको मज्जा लिन यहाँ पर्यटकको आगमन बढेको बताउँदै सञ्चालक केसीले व्यवसायी उत्साहित भएका बताउनुभयो ।

अर्का पर्यटन व्यवसायी एवं होटल 'पिसफुल' नगरकोटका सञ्चालक रामशङ्कर ध्वजुले नयाँ वर्षले पर्यटन व्यवसायीलाई उत्साह थपेको बताउँदै यस वर्ष विगत वर्षको तुलनामा पर्यटकको आगमन बढेको जानकारी दिनुभयो ।

विदेशीभन्दा स्वदेशी पर्यटकको आगमनले नगरकोट होटल भरिएका व्यवसायी एवं होटल मेरिगोल्ड नगरकोटका सञ्चालक गोकुल लामिछानेले बताउनुभयो । उहाँले भन्नुभयो, "मैले होटल क्षेत्रमा काम गरेको २७ वर्ष भयो । पछिल्ला केही वर्षयता कोरोनाले थला पारेको व्यवसायलाई उठाएको छ, नयाँ होटल थपिँदै छन् ।"

नगरकोटमा सामान्यदेखि सात स्टारसम्मका होटल सञ्चालनमा आएका नगरकोट नाल्दुम पर्यटन व्यवसायी समितिका अध्यक्ष नवीन लामाले जानकारी दिनुभयो । नगरकोट भ्रमण वर्ष २०८२ ले पनि पर्यटकको आगमन बढाएको उहाँको भनाइ छ ।

केही वर्षयता पर्यटकीय गन्तव्य बन्दै आएको सूर्यविनायक नगरपालिका-७ गुण्डु र वडा नं ८ सिपाडोलको सङ्गमस्थल ऐतिहासिक रानीकोट र घ्याम्पेडाँडाका सबै होटल नयाँ वर्षमा आन्तरिक पर्यटकले भरिएका छन् ।

यहाँबाट बिहान देखिने सुन्दर हिमाली दृश्य हेर्ने र रातभरी नाचगान गरी नयाँवर्षको उल्लासमय स्वागत गर्न स्वदेशी पर्यटकको घुइँचो लागेको रानीकोटका पर्यटन व्यवसायी एवं भिलेज हाइल्याण्ड रिसोर्टका सञ्चालक रामसुन्दर बकेले बताउनुभयो ।

समुद्री सतहबाट २००० मिटर उचाइमा रहेको भक्तपुरको सूर्यविनायक र काभ्रेको पनौती नगरपालिकाको सिमानामा पर्ने रानीकोटबाट काठमाडौँ उपत्यका र भक्तपुर नगर मात्र होइन, विभिन्न हिमशृङ्खलासमेत अवलोकन गर्न सकिन्छ ।

पर्यटन व्यवसायी बकेले भन्नुभयो, "रानीकोटबाट सूर्योदयसँगै कञ्चनजङ्घा, मकालु, सगरमाथा, चोयु, सिसापाङमा, मनास्लु, अन्नपूर्ण, माछापुच्छ्रे, गौरीशङ्कर, धौलागिरि तथा लाङ्टाङजस्ता आठ हजार मिटरभन्दा अग्ला आठ वटा हिमाल हेर्न सकिन्छ । पछिल्लो समय रानीकोट पर्यटकीय गन्तव्य बन्न थालेको छ । नयाँ वर्षमा आन्तरिक पर्यटकले यहाँका होटल भरिएका छन्, रानीकोट पर्यटकको रोजाइमा पर्न थालेपछि व्यवसायी उत्साहित भएका छन् ।"

## सङ्क्षिप्त समाचार

# पोखराका होटेल ९० प्रतिशत बढी भरिभराउ

गण्डकी, १ वैशाख । नेपाली नयाँ वर्ष मनाउन आउने पर्यटकका कारण पोखराको लेकसाइड क्षेत्रमा होटेल क्षमताको ९० प्रतिशत बढी भरिभराउ भएका छन् । नेपाली नयाँ वर्ष मनाउनका लागि देशका विभिन्न स्थानबाट पोखरामा आएका पर्यटकले होटेल भरिभराउ भएको होटेल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो ।

नेपाली नयाँ वर्षकै अवसरमा सङ्घले सञ्चालन गर्दै आएको फेवा नव वर्ष महोत्सवको २१ औँ संस्करणको कारण पनि पोखरामा पर्यटकको आगमन बढाएको उहाँले बताउनुभयो ।

प्रकृति, संस्कृति र साहसिक पर्यटनका कारण चासो र चर्चा कमाएको पोखरालाई पर्यटन राजधानी घोषणा गरिनुका साथै यसको प्रवर्द्धनमा निरन्तर गरिएका प्रयाससँगै पर्यटकको आगमन पनि बढ्दो क्रममा रहेको पर्यटन व्यवसायी बताउँछन् । पोखरा क्षेत्रमा कुल एक हजार २०० होटेल रहेकामा प्रत्येक दिन ४० हजारसम्म पर्यटक राख्न सकिने अध्यक्ष सुवेदीले बताउनुभयो । *(रासस)*

# सवारी दुर्घटनामा घाइते प्रहरी निरीक्षक लामाको मृत्यु

काठमाडौं, १ वैशाख । ट्रकको ठक्करबाट गम्भीर घाइते हुनुभएका काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयमा कार्यरत प्रहरी निरीक्षक ३३ वर्षीय अभय लामाको मृत्यु भएको छ ।

रामेछापको लिखु तामाकोशी गाउँपालिका-४ घर भएका लामा गत चैत २९ गते ट्रकको ठक्करबाट गम्भीर घाइते हुनुभएको थियो । लामाको ललितपुर ग्वार्कोस्थित 'बी एण्ड बी' अस्पतालमा उपचारका क्रममा मङ्गलबार मृत्यु भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज अधिकारीले राससलाई जानकारी दिनुभयो । *(रासस)*

# शरीरमा आगो लागेर मृत्यु घटनामा थप दुई पक्राउ

नेपालगन्ज, १ वैशाख । बाँकेको नेपालगन्ज उपमहानगरपालिका-१२, कोरियनपुरमा शरीरमा आगो लागेर मृत्यु भएकी २२ वर्षीया सिर्जना बुढामगरको घटनापछि फरार रहेका थप दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रमेश विष्टले भारतीय प्रहरीको सहयोगमा उनीहरूलाई पक्राउ गर्न सफल भएको जानकारी दिनुभयो । उहाँका अनुसार पक्राउ पर्नेमा नेपालगन्ज उपमहानगरपालिका-१२ निवासी ५० वर्षीय रहमद ढपाली र उनका छोरा २१ वर्षीय मोहम्मद आदिल ढपाली रहेका छन् ।

यसअघि सो घटनामा संलग्न रहेको भन्ने पीडित पक्षको किटानी जाहेरीका आधारमा मोहम्मद आरिफ ढपाली, उनकी आमा र दिदीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । हाल पक्राउ परेका रहमद ढपाली मोहम्मदकै बुबा हुन् ।

बाँकेको नेपालगन्ज उपमहानगरपालिका-१२, कोरियनपुरमा शरीरमा आगो लागेर मृत्यु भएकी २२ वर्षीया सिर्जना बुढामगरको घटनाबारे छानबिन गर्न प्रहरीले अनुसन्धान टोलीसमेत गठन गरेको छ ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीको नेतृत्वमा पाँच सदस्यीय अनुसन्धान टोली गठन भएको थियो । उनीहरू पक्राउ परेसँगै सो घटनामा पक्राउ हुनेको सङ्ख्या पाँच पुगेको छ । *(रासस)*

# राजवंशी समुदायमा 'सिरुवा पर्व' को उल्लास

झापा, १ वैशाख । पूर्वी नेपालका आदिवासी राजवंशी समुदायले मनाउने सबैभन्दा ठूलो चाड 'सिरुवा पावनी' मङ्गलबारदेखि सुरु भएको छ । हरेक वर्षको वैशाख १, २ र ३ गते सिरुवा पावनी मनाउने प्रचलन छ ।

राजवंशीसँगै ताजपुरिया र गनगाई समुदायले समेत मनाउने यस पर्वको मङ्गलबार पहिलो दिनलाई जल सिरुवा, दोस्रो दिनलाई कादो सिरुवा र अन्तिम दिनलाई रङ सिरुवा भनिने गौरीगञ्जका आत्माराम राजवंशीले बताउनुभयो । उहाँका अनुसार जल सिरुवामा एकले अर्कोलाई पानी छ्याप्ने, कादो सिरुवामा हिलो छ्याप्ने र रङ सिरुवामा अबिर दलेर शुभकामना तथा आपसी सद्भाव व्यक्त गर्ने प्रचलन रहिआएको छ ।

पहिलो दिन पानी सिरुवामा महिलाहरूले सात प्रकारका हरियो सब्जी पकाउने चलन छ । यसलाई 'सात सँगी' भनिन्छ । त्यसरी पकाएको सब्जीलाई राखेर भोलिपल्ट कादो सिरुवाका दिन पन्ता भातसँग खाने चलन छ । सात सँगीसँगै अठिया केराको सेवन पनि गर्ने चलन छ । औषधीय गुण भएको यो केराको गुदीमा दानाको मात्रा धेरै हुन्छ । झाडा पखाला र पेटको जलन हुँदा आरामका लागि यसको सेवन गरिँदै आएको छ ।

सिरुवा पावनीमा नयाँ वर्षभरि कसैलाई रोगव्याधि नलागोस् भनेर कामना गरिन्छ । सार्वजनिक स्थानमा घाटोसरी बनाउने र घाटोसरी भजन गाउने विशेष प्रचलन छ । सिरुवा पर्व सद्भाव साटासाट गर्ने पर्व हो । यसमा ग्रामथान र नदी गएर पूजापाठ गर्ने, मौलिक परिकार खाने र संस्कृति झल्किने विविध कार्यक्रम गरिन्छ ।

मौलिक भाषा, भेषभुषा र संस्कृति रहेको यस समुदायको मुख्य बसोबास झापा, मोरङ र सुनसरीमा रहेको छ । २०७८ को जनगणनाअनुसार राजवंशीको कूल जनसङ्ख्या एक लाख ३२ हजार ५६४ छ । *(रासस)*

---



**पुरातात्विक संरचना**
बुद्ध जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिर क्षेत्रमा खुला सङ्ग्रहालयको रूपमा रहेका पुरातात्विक संरचना । खुल्ला रुपमा रहेका यी संरचनाको उचित संरक्षण हुन सकेको छैन । *तस्बिर: भरत केसी/रासस*

# फरक क्षमता भएका बालबालिकाको स्याहारमा समस्या

टीकापुर, १ वैशाख । फरक क्षमता (अपाङ्गता) भएका बालबालिका स्याहारमा अभिभावकलाई कठिन हुने गरेको छ । अपाङ्गता भएका बालबालिकालाई स्याहारमा विशेष ध्यान र समय दिनुपर्दा अभिभावकको व्यक्तिगत जीवनमा पनि प्रभाव परेको बताएका छन् ।

टीकापुर नगरपालिका-१ वनगाउँकी जगतमाया शाहीकी छोरी जन्मजातै अपाङ्ग हुनुहुन्छ । १९ वर्षीया छोरी जन्मेदेखि नै हलचल गर्न नसक्ने भएपछि जगतमायाको परिवारले नेपाल र भारतका धेरै अस्पतालमा उपचार गराए । छोरीको देब्रे हात अलिअलि चल्छ, त्यसबाहेक शरीर नचल्ने भएपछि जगतमाया छोरीकै स्याहारमा लाग्नुभएको छ । "म पढेलेखेकी छु, जागिरे खान सक्थे तर छोरी स्याहार्नुपर्ने बाध्यताले केही नगरी बसेकी छु", उहाँ भन्नुहुन्छ, "छोरी शारीरिक रूपमा मात्र होइन मानसिक रूपमा पनि अशक्त भएपछि स्याहारसुसारमा समस्या छ । मलाई उनको अवस्था, भविष्यको चिन्ताले सान्है पीर लाग्छ ।"

जगतमाया आफू हुन्जेल त छोरी सुरक्षित रहेको, आफू नभए कसले स्याहार्ला भन्ने चिन्ता लाग्ने गरेको बताउनुहुन्छ । "दुई कक्षासम्म पढेकी छिन्, सानो हुँदा बोकेर विद्यालय पुऱ्याएपछि बोक्न गाह्रो हुँदा विद्यालय पढाउन सकिएन", उहाँ भन्नुहुन्छ, "विद्यालय पनि समावेशी छैनन्, विशेष शिक्षक, विशेष सामग्री र पहुँचयुक्त पूर्वाधार नहुँदा छोरीजस्ता बालबालिकाले शिक्षा पाएका छैनन् ।"

अपाङ्गता भएका बालकको तुलनामा बालिकालाई स्याहार्न कठिन छ । छोरीहरू महिनावारी हुने हुँदा सरसफाइलगायतका काममा अझ समस्या हुने गरेको उहाँको भनाइ छ ।

टीकापुरकै अर्का बालक मनोज विकको समस्या पनि यस्तै छ । तल्लो शरीर नचल्ने यी बालकले कक्षा १२ सम्म पढेका छन् । सानो हुँदा आमाले बोकेर विद्यालय गएका यी बालक जब वयस्क हुँदै गए आमाले विद्यालय लैजान सक्नुभएन । "कक्षा १० पढ्दासम्म आमा र बुबाले पालैपालो विद्यालय लैजानुहुन्थ्यो", मनोज भन्नुहुन्छ, "त्यसपछि मेरो शारीरिक तौल बढ्दै गयो, मलाई विद्यालय लैजान उनीहरूलाई पनि कठिन हुन थाल्यो", उहाँले भन्नुभयो, "कक्षा ११, १२ घरमै स्व-अध्ययन गरेर परीक्षा दिए, त्यसपछि मैले पढाइ छोडेँ, त्यसमाथि पढ्ने चाहना छ तर परीक्षालगायतका विभिन्न काममा क्याम्पस जान आउन कठिन छ ।"

अपाङ्गता भएका बालबालिका स्याहार्न अभिभावकलाई कठिन छ । विभिन्न सङ्घसंस्थाको सहयोगमा स्थानीय पालिकाहरूले उपलब्ध गराएका सहायता सामग्रीले अभिभावक र अपाङ्गता भएकालाई केही राहत भने हुने गरेको छ । कैलालीका स्थानीय पालिकाले सङ्घसंस्थाको सहयोगमा अपाङ्गता भएकालाई सहायता सामग्री वितरण गर्दै आएका छन् । सहायता सामग्री धेरै नटिक्ने र लामो समयसम्म प्रयोग गर्दा बिग्रिएमा मर्मत गर्न भने समस्या हुने गरेको छ ।

जोशीपुर ६ लोखरीका टीकाराम डगौरा २१ वर्षको हुनुभयो । टीकाराम वीरेन्द्र विद्या मन्दिर मावि टीकापुरमा कक्षा ११ मा अध्ययनरत हुनुहुन्छ । उहाँ भाइसँग टीकापुरमा डेरा भाडामा बसेर पढिरहनु भएको छ । जन्मजात नै तल्लो शरीर नचल्ने समस्या भएका टीकारामले धेरै काम आफैँले गर्नुहुन्छ । टीकारामलाई पनि एकमात्र भएको हिवलचेयर बिग्रँदा मर्मत गर्न, विद्यालय नियमित जान भने समस्या हुन्छ । "संस्थाको सहयोगमा वडा कार्यालयले सहायता सामग्री दिएको हो, यो समय समयमा बिग्रन्छ, यो बिग्रिएमा मलाई विद्यालय जान समस्या हुन्छ", उहाँले भन्नुभयो, "विद्यालय जाँदा बाटो धेरै अप्ठ्यारो छ । साथीहरूले सहयोग गरेमा मात्र विद्यालयसम्म पुग्न सकिन्छ ।"

टीकापुर नगरपालिकामा एक हजार १९९ जनाले अपाङ्गता परिचयपत्र बनाएका छन् । अपाङ्गता भएकालाई चार वर्गमा विभाजन गरेर परिचयपत्र उपलब्ध गराउने गरेको छ । जसमा क र ख वर्गको परिचयपत्र भएकाले सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन् । पालिकामा क वर्गका १२८, ख वर्गका ५८५, ग वर्गका २९२, घ वर्गका १९४ जना नागरिक छन् । पालिकाले २०७६ सालबाट अपाङ्गता परिचय पत्र वितरण थालेको हो ।

पालिकाले अपाङ्गता भएका सहायता सामग्री आवश्यक भएका नागरिकका लागि सङ्घसंस्थासँग समन्वय गरेर उपलब्ध गराउने गरेको छ । पालिकाले यसै वर्ष २५ वर्षमुनिका २९ जना विद्यालय जाने बालबालिकालाई सहायता सामग्री वितरण गरेको महिला बालबालिका तथा समाजकल्याण शाखा प्रमुख सङ्गीता शाह बताउनुहुन्छ । "पालिकाले थप आवश्यक नागरिकलाई पनि सहायता सामग्री वितरणको तयारी गरेको छ", उहाँ भन्नुहुन्छ, "सहायता सामग्री बाटोघाटोका कारण चाँडै बिग्रने समस्या भइरहन्छ । बिग्रिएमा मर्मतको समस्या भएकाले सामग्री धेरै समय टिकाउ नहुने समस्या छ ।"

उहाँका अनुसार अपाङ्गता भएका बालबालिकामा बालिकाहरू स्याहारमा बढी समस्या रहेको छ । बालिकालाई स्याहारमा परिवारलाई पनि कठिन हुने, छोरीहरूको सुरक्षामा समेत चुनौती रहेको छ । अधिकारकर्मी निर्मला कडायत समाजमा अपाङ्गताबारे सही बुझाइ नहुँदा अभिभावक र बालबालिकाले अपमान झेलिरहेको, हेला गर्ने कार्य रोक्नुपर्ने बताउनुहुन्छ । "सरकारले बालबालिकाको अवस्थाअनुसार सुविधा, उपचारका विकल्पहरू दिनुपर्छ । अभिभावक नभएका अपाङ्ग बालबालिकाको स्याहार सरकारले गर्नुपर्छ", उहाँ भन्नुहुन्छ, "विद्यालय अपाङ्गमैत्री बनाउनुपर्छ । उनीहरूको घरमै उपचार सेवा दिने, उनीहरूलाई थेरापी वा परामर्शको व्यवस्थासमेत हुनुपर्छ ।" *(रासस)*

# शुक्लाफाँटामा स्वास्थ्य बीमा कार्यक्रममा न्यून सहभागिता

कञ्चनपुर, १ वैशाख । शुक्लाफाँटा नगरपालिकामा स्वास्थ्य बिमा कार्यक्रमबाट अपेक्षाअनुसार सर्वसाधारण लाभान्वित हुन सकेका छैनन् । नगरपालिकाको कूल जनसङ्ख्या ५५ हजार ८०६ रहेकोमा हालसम्म पाँच हजार ७५६ जना मात्रै बिमा कार्यक्रममा आबद्ध भएका छन् । जुन कूल जनसङ्ख्याको करिब १० दशमलव ३१ प्रतिशत मात्रै रहेको छ । स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्टका अनुसार सङ्घीय सरकारमार्फत पाँच हजार ७२६ र नगरपालिका-१० को सहयोगमा ३० जना बिमा कार्यक्रममा समेटिएका छन् । उहाँले स्वास्थ्य बिमासम्बन्धी पर्याप्त जानकारी र यसले पुऱ्याउने फाइदाका बारेमा जानकारी नहुँदा नागरिक सहभागिता न्यून भएको पाइएको बताउनुभयो ।

"धेरैलाई बिमाको फाइदा, प्रक्रिया र उपयोगबारे स्पष्ट जानकारी छैन", उहाँले भन्नुभयो, "अब बिमा अभिकर्तामार्फत व्यापक जनचेतना अभिवृद्धि गर्ने योजना बनाएका छौँ ।" उहाँका अनुसार, स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुन इच्छुक नागरिकले तोकिएको बिमा दर्ता केन्द्र वा अभिकर्तामार्फत परिवारको विवरण पेस गर्नुपर्ने हुन्छ ।

नागरिकता वा परिचयपत्र, परिवार सदस्यको विवरण र आवश्यक कागजातसहित आवेदन दिएपछि वार्षिक प्रिमियम शुल्क रु. तीन हजार ५०० बुझाइ बिमा सदस्यता लिन सकिन्छ । सामान्यतया एक परिवार (पाँच जनासम्मको)ले न्यून शुल्क तिरेर वार्षिक रूपमा रु. एक लाखसम्मको स्वास्थ्य सेवा निःशुल्क वा सहुलियतमा पाउने व्यवस्था रहेको छ ।

बिमा कार्यक्रममा आबद्ध हुन केही चुनौती पनि देखिएका छन् । कतिपय नागरिकले बिमा प्रक्रिया झन्झटिलो भएको गुनासो गर्ने गरेका छन् । फाराम भर्ने प्रक्रिया, कागजात सङ्कलन, समयमै सेवा नपाउने चिन्ता, अस्पतालमा बिमा सेवा सहज नहुनुजस्ता कारणले पनि आकर्षण घटेको देखिन्छ । ग्रामीण क्षेत्रमा सूचना अभाव र पहुँचको कमी पनि प्रमुख समस्याका रूपमा रहेको छ ।

"स्वास्थ्य बिमा कार्यक्रमले दीर्घकालीन रूपमा नागरिकलाई आर्थिक सुरक्षा प्रदान गर्दछ", शाखा प्रमुख भट्टले भन्नुभयो, "आकस्मिक बिरामी पर्दा ठूलो खर्च बेहोर्नुपर्ने अवस्थाबाट जोगाउन बिमा प्रभावकारी माध्यम बन्न सक्छ, यसले उपचार खर्चमा राहत दिँदै गरिब तथा मध्यम वर्गीय परिवारलाई विशेष सहयोग पुऱ्याउने गर्दछ ।"

नगरपालिकाले आगामी दिनमा बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन जनचेतना अभिवृद्धि, सेवा प्रवाहमा सुधार तथा अभिकर्ताको सक्रिय परिचालन गर्ने योजना अघि सारेको उहाँको भनाइ रहेको छ । *(रासस)*

। सम्पादकीय ।

# अव्यवहारिक र अदूरदर्शी निर्णय लामो समय नटिक्ने

स्वाधीन र सार्वभौम देश नेपाल अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको चङ्गुलमा क्रमश: फस्दै गएकोमा शङ्का छैन । नेपालमा अमेरिकी सरकार र भारतीय सरकारको दबाब बढ्नु र त्यही दबाबकै आधारमा नेपालको अहितमा असमान सन्धि सम्झौता हुनु यसको दृष्टान्त हो । विदेशी शक्ति राष्ट्रहरूको उठबसमा चलेको सरकारले देशको निश्चित मार्ग कोर्नेतर्फ ध्यान दिँदैन । कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेको अघिल्लो सरकारका नेता र प्रधानमन्त्रीहरूले क्रान्तिबाट समाजवाद ल्याउनुपर्नेमा निर्वाचनबाटै सामाजवाद ल्याउने विचार खोकेका थिए । सानातिना सुधार गरेर पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दलको सरकारले दीर्घकालीन दृष्टिकोण छोडेर अल्पकालीन हित हेर्ने विचार या सोच अवसरवादी दृष्टिकोण हो । क्रान्तिकारी विचार छोडी पुँजीपतिवर्गको हितमा काम गर्ने दलको सरकार जसरी कम्युनिस्ट हुँदैन, त्यसको सरकारले जसरी समाजवाद ल्याउँदैन त्यसरी नै विदेशी दबाब र प्रभावमा सरकार चलाउने र पुँजीवादी व्यवस्थाकै जगमा टेकेर अघि बढेको दलको सरकारले पनि आमूल परिवर्तन गर्ने छैन ।

व्यापक जनता गरिब भएको देशमा प्रतिक्रियावादी, पुँजीवादी, अवसरवादी र संशोधनवादीहरू क्रान्तिकारीहरूलाई भड्काउन र बिगार्न निरन्तर लागिरहेका हुन्छन् । तर, क्रान्तिकारी विचारका मानिसहरू त्यस्तो भ्रम र अल्पकालीन हितको बाटोमा भुल्दैनन्; उनीहरू आफ्नो उद्देश्य पूरा गर्न निरन्तर लागिरहन्छन् । उनीहरू निर्वाचनको हारबाट न निरास हुन्छन् न त जीतबाट अहङ्कारी हुन्छन् । भारतीय एकाधिकार पुँजीले नेपालको जलस्रोत कब्जा गर्न थोपरेको असमान सन्धि, नेपालको आन्तरिक मामिलामा भारतीय हस्तक्षेप, सीमा अतिक्रमण, नेपाल-भारत सिमानामा नेपाली जनतालाई गरेको लुटपाट, हेलाहोचो, तस्करी र आपराधिक क्रियाकलाप सबै नेपाल र नेपाली जनताको अहित या विरोधमा छ । वैदेशिक रोजगारीको नाउँमा दासजस्तै जीवन बिताउन बाध्य नेपालीलाई स्वदेशमै रोजगारीको व्यवस्था भएको भए कुनै पनि स्वाभिमानी नेपालीले दास जीवन बिताउनु पर्दैनथ्यो । एमसीसी सम्झौतापछि देशमा बढेको अमेरिकी सेनाको आगमन र अमेरिकी सेनाको परेड के नेपाली भूमिमाथिको हस्तक्षेप होइन ? त्यो हस्तक्षेप नयाँ सरकारको पालामा पनि भएको छ ।

वर्तमान सरकारले नयाँ कामको नाउँमा सानातिना सुधारात्मक कार्य गरेर आफूले परिवर्तनकारीको खोल ओढ्ने गरेको छ । हालै सरकारले गरेका केही सुधारात्मक प्रयासहरू नेपालको माटो सुहाउँदो छैन । विदेशी प्रभाव र दबाबमा हुने कुनै नीति निर्णय सरकारले गर्छ भने त्यो नेपालको माटो सुहाउँदो हुँदैन । पश्चिमेली कार्य शैली भित्र्याउनुको अर्थ नेपाल सरकारमा प्रत्यक्ष या अप्रत्यक्ष रूपमा विदेशी शक्ति राष्ट्रहरूकै प्रभाव पर्नु हो । तहल्का मच्चाउने कुनै पनि अल्पकालीन सुधारात्मक कामले दूरगामी असर पर्छ । यसले नेपाली नेपालीमा आन्तरिक द्वन्द्व बढाउने काम गर्छ । कुनै पूर्वाधार तयार नगरी सरकारले दिएको दुईदिने बिदाले अहिले नै शिक्षक, कर्मचारी, चिकित्सकहरूमा आन्तरिक द्वन्द्व बढ्न थालेको छ । विभिन्न सङ्घ संस्थामा गरिरहेको काममा बाधा पर्न गएको र बाधा पर्न गएको कामले आफू आफूमा आन्तरिक द्वन्द्व सिर्जना भएको अवस्था छ ।

सरकारको अव्यवहारिक र अदूरदर्शी निर्णयकै कारण सञ्चारकर्मी, राजनीतिक दलका भ्रातृ सङ्गठनहरू आन्दोलित हुन थालेका छन् । विद्यार्थीहरूको ज्ञान आर्जनमा बाधा पर्ने भन्दै शिक्षक र प्राध्यापकहरू पनि सरकारले अन्योल बढायो भनी विरोध गर्दै छन् । सरकारको विज्ञापन रोक्ने नीतिविरूद्ध पत्रकारहरू असन्तुष्ट छन् । उनीहरू सरकारको उक्त निर्णय तुरून्त खारेज गर्न आन्दोलनमा उत्रेका छन् । यता विद्यार्थीहरू पनि विद्यार्थी सङ्गठन खारेज गर्ने सरकारको निर्णयको विरोधमा छन् । विद्यार्थी सङ्गठन कुनै हालतमा खारेज गर्न नदिने भन्दै विद्यार्थीहरूले आन्दोलन घोषणा गरेका छन् । विनापूर्वाधार हतारिएर गरिएको सरकारी निर्णय लामो समयसम्म टिक्न नसक्ने राजनीतिक विश्लेषकहरूको ठम्याइ रहेको छ ।

# नवउदारवादले ल्याउने दुई विग्रह

✍ **प्रभात पटनायक**

इरानविरुद्ध अमेरिका र इजरायलको युद्धमा भारत सरकारले अपनाएको नीतिमा अपत्यारिलो लाछीपन देखिन्छ । बेलायतले हालै आयोजना गरेको बैठकमा भारत पनि सहभागी भयो । बैठकमा हर्मुज जल-नाका बन्द गरेकोमा इरानको कडा आलोचना भयो । तर, इरानविरुद्ध अमेरिका र इजरायलले गरेको आक्रमणबारे एक शब्द पनि बोलिएन । यसैगरी, खाडी मुलुकहरूमा इरानले आक्रमण गरेको हुनाले संयुक्त राष्ट्रसङ्घको महासभामा इरानको आलोचना गर्दै एउटा प्रस्ताव पारित गऱ्यो । त्यसमा भारतले पनि हस्ताक्षर गऱ्यो । (जब कि इरानले ती मुलुकहरूमा रहेका अमेरिकी सैन्य अखडामाथि मात्र प्रहार गरेको थियो ।) राष्ट्रसङ्घको यो प्रस्तावमा समेत इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणको निन्दा गरिएन । (यो प्रस्तावलाई UNGA भनिन्छ ।) ध्यान दिनुपर्ने अर्को घटना पनि छ । इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको हत्या भयो । भारतले धेरै दिन लगाएर बल्लतल्ल शोक व्यक्त गऱ्यो । अमेरिका-इजरायलले इरानको मिनाब सहरमा १७५ निर्दोष स्कुले छात्राहरूको कायरतापूर्ण हत्या गरे । त्यसमा प्रतिक्रिया जनाउन भारतलाई कैयन हप्ता लाग्यो ।

लाछीपन भारतले मात्र देखाएको होइन । राष्ट्रसङ्घले पारित गरेको बेइमान र कपटी प्रस्तावमा १३५ देशले सहमति जनाए । अमेरिकालाई नचिढाउन उनीहरूले इरानको बद्ख्वाइँ गरेको बुझ्न सकिन्छ । संसारका दुईचार देशबाहेक इरानविरुद्ध अमेरिका र इजरायलले चलाइरहेको अवैध र अनैतिक युद्धको कडा शब्दमा निन्दा गर्ने ह्याउ कसैले देखाएका छैनन् । यो एकदम गम्भीर विषय हो । इरानमाथिको आक्रमणले सार्वभौमसत्ताको अवधारणा नै नष्ट गरेको छ । उपनिवेशवादविरोधी सङ्घर्षको मूल मुद्दा यही थियो । विश्वभरि उपनिवेशवादको अन्त्यसँगै हरेक देश सार्वभौम हुन्छ भन्ने अवधारणा फस्टाएको थियो । तर, इरानमाथि अमेरिकी आक्रमणले उपनिवेशवादविरोधी सङ्घर्षको मूल तर्क नै नष्ट गरेको छ ।

तेस्रो विश्वका मुलुकहरूको यो कायरता आफैमा छलकारी छ । यी देशहरूले लामो समयसम्म उपनिवेशवादविरुद्ध कठिन सङ्घर्ष गरेका थिए । विगतका तिनै सङ्घर्षबाट उनीहरू स्वतन्त्र र सार्वभौम मुलुक बनेका थिए । अमेरिकी साम्राज्यवादको सैन्यबलले तेस्रो विश्वकै मित्र मुलुक (इरान) को सार्वभौमिकता मिच्दा उनीहरू कसरी मौन बस्न सक्छन् ?

यो प्रश्नको जवाफ अलि जटिल छ । तर, यसको जवाफ दिँदा तेस्रो विश्वमा नवउदारवादी अर्थनीतिले ल्याउने दुई विग्रह प्रस्ट हुन्छ । नवउदारवादी अर्थनीतिले उपनिवेशवादविरोधी सङ्घर्षबाट जन्मिएको 'राष्ट्र' को अवधारणामा विग्रह ल्याउँछ । 'राष्ट्र' को यो अवधारणा युरोपको भन्दा आधारभूत रूपमै फरक छ । युरोपमा वेस्टफालियाली शान्ति सन्धिहरूबाट 'राष्ट्र' को अवधारणा विकास भएको थियो । युरोपको र तेस्रो विश्वको 'राष्ट्र' को अवधारणामा तीन भिन्नता छन् । पहिलो, तेस्रो विश्वको 'राष्ट्र' समावेशी थियो र यसले 'भित्री शत्रु' चिन्दैनथ्यो । दोस्रो, युरोपको राष्ट्रवादभन्दा विपरीत यसले साम्राज्यवादी अभीष्ट राखेन । ( खासगरी टाढा देशका प्राकृतिक स्रोतसाधनमा उसले आँखा गाडेन ।) तेस्रो, यसले राष्ट्रलाई जनताभन्दा माथि राखेन बरु जनताको सेवा गर्नु नै 'राष्ट्र' को 'कर्तव्य' हो भन्यो ।

'राष्ट्र' को समावेशी अवधारणा बन्नुको खास कारण छ । उपनिवेशवादविरोधी सङ्घर्ष वास्तवमा एउटा बहु-वर्गीय सङ्घर्ष थियो । स्वतन्त्रतापछि राज्य-नियन्त्रित अर्थनीति अपनाउनुको कारण पनि थियो । यो नीतिले अन्तत: पुँजीवादी विकासलाई नै मलजल गरे पनि यसले 'राष्ट्रिय' विकास हासिल गर्ने नाममा झाङ्गिँदो पुँजीवादलाई काँटछाँट गर्न खोज्यो । स्वतन्त्रता सङ्घर्षको बहु-वर्गीय जगलाई जोगाउनका लागि यो नीति लिइएको थियो । त्यो बेला एकाधिकार पुँजीपतिहरूले समेत यो नीतिको विरोध गरेनन् । उनीहरू राज्यले साम्राज्यवादभन्दा पर बसेर तुलनात्मक स्वायत्तताको अभ्यास गर्ने खालको विकासको बाटो हिँड्न चाहन्थे । सरकारी उद्योगधन्दा र पूर्वाधारको आकार ठुलो हुनु सोही छनोटको हिस्सा थियो । पछि राज्य-नियन्त्रित अर्थतन्त्र चलाइरहेका यी मुलुकले असंलग्न परराष्ट्र नीति अङ्गीकार गरे । यो नीतिले साम्राज्यवादबाट तुलनात्मक रूपमा स्वायत्त रहेर विकासको बाटोमा हिँड्ने अभिलाषालाई टेवा दियो । प्रसिद्ध अर्थविद् मिखाल कलेच्कीले यस्ता मुलुकलाई 'मध्यमार्गी मुलुक' भने र यस्ता मुलुकको निर्णय शक्ति मध्यम वर्गको हातमा हुने बताए । यी दुवै निष्कर्ष लगत थिए । तर, उनले एउटा कुरा सही भने -(सरकारी उद्योगधन्दामा) राज्य पुँजीवाद र असंलग्न परराष्ट्रनीति एउटै सत्ताका दुई विशिष्ट पक्ष हुन् ।



पुँजीको विश्वव्यापीकरण भएपछि स्थिति बदलियो । देशभित्रका एकाधिकार पुँजीपतिहरूले विश्वभरि फैलिएको पुँजीसँग घाँटी जोडे । उनीहरूले साम्राज्यवादबाट तुलनात्मक स्वायत्त रहेर विकासको बाटोमा हिँड्ने मुद्दालाई परित्याग गरे । उच्च तहका पेशेवरहरू र कर्मचारीतन्त्रको एक तप्काले आफ्ना सन्तानलाई साम्राज्यवादी मुलुकमा पढेको र त्यही जीवनयापन गरेको हेर्न चाहन्थ्यो । यो तप्का विश्वव्यापी रूपमा फैलिएको पुँजीको आडमा बनेको नवउदारवादी सरकारको पक्षमा उभियो । भूमिपतिहरूले पनि यही नवउदारवादी व्यवस्थामा फलिफाप हुन खोजे । नवउदारवादी अर्थनीतिले एकातिर पुँजीवादलाई निर्बाध रूपमा फैलिन दियो । अर्कोतिर, यो अर्थनीति मजदुर, किसान, खेती मजदुर, साना उत्पादक र निम्न तनखाभोगीहरूविरुद्ध जाइलाग्यो । उपनिवेशवादविरोधी सङ्घर्षको बेला बनेको वर्गीय एकतामा एउटा चिरा पऱ्यो, विग्रह आयो ।


साम्राज्यवादविरोधी 'राष्ट्र' अब मुख्य मुद्दा रहेन । बरु ठुलो पुँजी मुख्य मुद्दा बन्यो । तीव्र 'विकास' लाई संस्थागत गर्ने बाटोमा उभिने सामाजिक समूहहरूविरुद्ध जाइलाग्ने बहुराष्ट्रिय पुँजी मुख्य आकर्षण बन्यो । (यस्तो तीव्र 'विकास' मा आर्थिक वृद्धि वा 'जिडिपी' मुखी हुन्छ ।) जनतालाई झुक्याउँदै ठुलो पुँजीको स्वार्थलाई नै 'राष्ट्रिय स्वार्थ' को रूपमा अघि बढाइयो । 'राष्ट्रिय स्वार्थ' लाई मलजल गर्नु सबै वर्गको कर्तव्य हो भनियो । यसरी 'राष्ट्र' को अर्थ नै बदलियो । उपनिवेशवादविरोधी सङ्घर्षबाट बनेको 'राष्ट्र' को अवधारणामा विग्रह आयो । साम्राज्यवादी प्रभुत्वबाट 'राष्ट्र' लाई स्वतन्त्र राख्नु अब कुनै लक्ष्य रहेन । नवउदारवादी संरचनाभित्र चलिरहेको सरकारले त्यो लक्ष्यलाई असान्दर्भिक ठान्यो ।

पहिलो 'विग्रह' यही हो । यही विग्रहका कारण नवउदारवादी सरकारहरूले देशको सार्वभौमिकता रक्षा गर्ने उद्देश्यले निर्णय लिँदैनन् । बरु ठुला पुँजीलाई भौतिक रूपमा लाभ दिने उद्देश्यले निर्णय गर्छन् । यसरी आज ठुला पुँजीको हित रक्षा गर्नु नै 'राष्ट्र' को नयाँ अर्थ बन्न पुगेको छ । आक्रमणबाट पीडित इरानको पक्षमा उभिनुभन्दा अमेरिका-इजरायल गठबन्धनको पक्ष लिनु बढी फाइदाजनक छ - दक्षिणी गोलार्द्धका देशहरूमा रहेका ठुलो पुँजीका शुभचिन्तकहरूले यही ढर्रामा सोच्दै छन् । राष्ट्रसङ्घलगायत मञ्चहरूमा इरानविरुद्ध प्रस्ताव पारित भइरहँदा तेस्रो विश्वका मुलुकहरूले कानमा तेल हालेर बस्नुको एउटा कारण यही हो ।

नवउदार अर्थनीतिले दोस्रो 'विग्रह' पनि ल्याएको छ । कुनै बेला निर्यातमुखी आर्थिक वृद्धि ल्याउँछ भन्दै दक्षिणी गोलार्द्धका मुलुकहरूलाई नवउदार अर्थतन्त्रको 'बुटी बेचिएको थियो' । ( नेपालमा नेपाली काङ्ग्रेसले यो 'बुटि' भित्र्याएको थियो भने सत्तासीन दल रास्वपाले 'नवउदार' शब्दलाई छोट्याएर 'उदार' अर्थनीति शब्द प्रयोगमा ल्याएको छ । अनु.) यसरी खालि राज्य-नियन्त्रित अर्थतन्त्र मात्र होइन संसारका सारा देशको 'जिडिपी' वृद्धिदर उच्च हुने बताइएको थियो । तर, यो दाबी पूर्णतया झूटो थियो । धेरै देशले निर्यातमुखी वृद्धिको रणनीति लिँदैमा विश्वको कूल मागको वृद्धिदर बढ्दैन । त्यसैले यो रणनीतिलाई सबै देशमा लागु गर्ने नवउदार प्रणालीले खासमा ती सबै देशलाई जबर्जस्ती एकअर्काविरुद्ध डार्विनवादी प्रतिस्पर्धामा होम्छ । यो होडबाजीमा सबैले 'छिमेकीलाई कङ्गाल बनाऊ' भन्ने नीति लिन्छन् । (नेपालमा भारतीय एकाधिकार पुँजीको नीति पनि यही देखिन्छ । अनु.)


निर्यातमुखी वृद्धि रणनीति अपनाएर कतिपय देशले पहिलेको भन्दा उच्च वृद्धिदर हासिल गरेका छन् । कतिपय देश भने यो नीतिका कारण न्यून वृद्धिदरमा खस्केका छन् । यसरी खस्किने देशको मूल्य चुकाएर नै कतिपय देशले उच्च वृद्धिदर हासिल गरेका हुन् । एकअर्काको घाँटी छिनाल्न कस्सिने देशहरूलाई आपसमा 'सहकार्य' गरिरहेको भन्न मिल्दैन । तसर्थ, नवउदार अर्थनीतिले दक्षिणी गोलार्द्धका देशहरूलाई व्यवहारत: असंलग्न परराष्ट्र नीति परित्याग गर्न लगाउँछ । जब कि कुनै बेला साम्राज्यवादको सामना गर्नका लागि यी देशहरूले यो विशिष्ट परराष्ट्रनीतिको बाटो अपनाएका थिए । आज दक्षिणी गोलार्द्धका देशहरू नवउदार अर्थ-संरचनाभित्र रहेर उच्च जिडिपी वृद्धिदर हासिल गर्न तल्लीन छन् । यसका लागि उनीहरू सकेसम्म ठुलो बहुराष्ट्रिय (साम्राज्यवादी) लगानी भित्र्याउने सुरमा छन् । छिमेकी देशहरूलाई माथ दिन उनीहरू साम्राज्यवादको समर्थन लिने ध्याउन्नमा छन् । यसले असंलग्न आन्दोलनमा चिरा पारेको छ । दोस्रो विग्रह यही हो ।

बाँकी पृष्ठ ८ मा



# इतिहासको भौतिकवादी अवधारणा के हो ?

✍ डेनिस टालोन



मार्क्सका साथीहरू मनोगत आदर्शवादका पक्षधर थिए। तिनकै खण्डनमा मार्क्सले इतिहासको भौतिकवादी अवधारणा अघि सार्नुभयो। 'विचारले भौतिक मामिला निर्धारण गर्छ भन्नु' नै आदर्शवाद हो।[1] यसले 'इतिहास भनेको महान् व्यक्तिहरूले आफ्ना महान् विचार लागु गर्ने प्रक्रिया हो' भन्छ। मार्क्सले यसलाई गलत बुझाइ भन्नुभयो। इतिहासको यस्तो बुझाइले इतिहाससम्बन्धी भ्रम मात्र पैदा गर्छ; यसबाट सामाजिक चुनौतीहरूको चिरफार गर्न सकिन्न।

उहाँले लेख्नुभयो, "चेतनाले जीवन निर्धारण गर्ने होइन। बरू जीवनले चेतना निर्धारण गर्छ।"

मानव इतिहास एउटा जैविक तथ्यबाट सुरू हुन्छ - "जीवित मानव जाति।" मार्क्सले 'जीवित' को अर्थ यसरी लगाउनुभयो - हामीले सास फेर्छौं, खाना खान्छौँ र शरीरलाई न्यानो राख्छौँ। जैविक आवश्यकताहरूले हामी प्रकृतिसँग कसरी जोडिने र प्रकृतिले हामीलाई कसरी सीमाबद्ध गर्ने भनी तय गर्छन्; हामीलाई कति क्यालोरी खाना चाहिन्छ र सामाजिक प्रक्रियामार्फत हामीले त्यो कसरी पाउने भनी तय गर्छन्। यो प्राकृतिक आवश्यकताबाट हामीले छुटकारा पाउन सक्दैनौँ। बरू यी आवश्यकता प्राप्त गर्ने भन्ने तरिका निरन्तर विकसित हुँदै जान्छ। यो तरिकालाई मार्क्सले 'उत्पादन' भन्नुभयो। मार्क्सले उत्पादनलाई हामी र पृथ्वीबिच हुने 'मेटाबोलिज्म' को रूपमा हेर्नुभयो। मेटाबोलिज्मले हामी अन्य पशुभन्दा कसरी फरक छौँ भन्ने छर्लङ्ग पार्छ। मानिस (पशुसुलभ) सहज-ज्ञानको पछाडि लाग्दैन। बरू आफ्नो भौतिक यथार्थले तोकेको सीमाभित्र बसेर मानिसले योजना बनाउँछ र सोही अनुरूप काम गर्छ। तपाइँ भन्नुहोला - योजना वा विचार पहिले आयो त ! तर, फरक छ। विचार कुनै चमत्कारी झिल्को होइन। विचार भनेको हाम्रा भौतिक आवश्यकताहरूकै सुसंगत जवाफ हो।

उत्पादनका तीन तह हुन्छन्। पहिलो, हामी बाँच्नका लागि आवश्यक चीजबिज उत्पादन गर्छौं। दोस्रो, यी आवश्यकता पूरा भएपछि हामीले नयाँ आवश्यकता पैदा गर्छौं। तेस्रो, उत्पादनले हामीलाई परिवार र सामाजिक सम्बन्धहरूमार्फत एकताबद्ध पार्छ। यो चरणबद्ध प्रक्रिया होइन। बरू यी तीन तह सँगसँगै सामाजिक 'क्षण' को रूपमा चलिरहन्छन्।

उत्पादनको काम झन्झन् जटिल हुँदै जाँदा श्रम हाम्रो आफ्नो हुन छोड्छ। हाम्रो श्रम हामीसँगै भिड्न आउँछ। मानिसको क्षमता (श्रमविभाजनमा) छियाछिया हुन्छ। श्रमलाई बाँच्नका लागि भन्दा पनि नाफा कमाउनमा प्रयोग गरिन्छ। कुनै बेला अर्थपूर्ण मानिने श्रमले हाम्रो भूमिकालाई खुम्च्याउँदै लग्छ। हामीलाई मजदुर, म्यानेजर आदिमा सीमित गरिदिन्छ।

यो बन्दोवस्तमा धेरै मानिसको श्रमले थोरै मानिसको लागि फुर्सद बनाइदिने काम हुन्छ। बहुसङ्ख्यक मानिसको श्रमले मुठ्ठीभर शासक वर्गलाई सोच्ने, व्यवस्थापन गर्ने, सङ्गठित हुने जस्ता मौका दिलाउँछ। बाहिर अनेक विचारधाराका जामा लगाएर यो तथ्यलाई लुकाइन्छ। इतिहासको




गतिशील प्रकृति पनि लुक्न पुग्छ। हाम्रै श्रमबाट निर्माण भएको इतिहास ढाकिन्छ। तर, इतिहास निरन्तर परिवर्तन भइरहन्छ र पछि पनि परिवर्तन भइरहनेछ। उत्पादक शक्तिहरू (श्रम, औजार) र उत्पादन सम्बन्ध (वर्ग, नियन्त्रण) बिच अन्तर्विरोध चलिरहन्छ। यी अन्तर्विरोधले ती इतिहासको परिवर्तन निर्धारण गर्छन्।

यसरी, भौतिक आवश्यकताहरूको उत्पादनलाई कसरी आधारभूत रूपमै व्यवस्थित गर्ने भन्ने कुराले समाजको चरित्र तय गर्छ र ती अन्तर्विरोधलाई चर्काउँछ, जसले समाजको चरित्र नै बदल्छ।

तर, हामीले उल्टो ढङ्गले सोचिरहेका हुन्छौँ। किन ? यसको व्याख्या गर्न मार्क्सले 'क्यामेरा' को अवधारणा प्रयोग गर्नुभयो। क्यामेराले एउटा भ्रम सिर्जना गर्छ; क्यामेरामा यथार्थ पनि उल्टो देखिन्छ। हामी एउटा प्रक्रियाभित्र जन्मिन्छौँ। तर, हामीलाई भौतिक उत्पादनमा भन्दा राजनीति र संस्कृतिको जड 'विचार' मा केन्द्रित हुने बानी लाग्छ। मार्क्सले तर्क गर्नुभयो - 'शासक वर्गका विचारहरू' समग्र युगको 'साझा विचार' बन्न पुग्छ। हामीले विद्यालयमा के सिक्ने भन्ने कुरा उत्पादक शक्तिका मालिकहरूले तय गर्छन्। उनीहरूले मिडिया किन्छन्। सार्वजनिक मञ्चहरूमा हुने बहस उनीहरूको इसारामा चल्छ। आफ्ना निश्चित भौतिक स्वार्थहरूलाई उनीहरूले सनातन सत्यको रूपमा प्रस्तुत गर्छन्। उनीहरूको प्रस्तुति प्रभावकारी पनि हुन्छ।

यसरी हेर्दा हामी देख्छौँ - इतिहास भनेको विचारहरूको साकार रूप होइन; बरू वर्गसङ्घर्षको 'वास्तविक चाल' हो। उत्पादन र विचारको बन्दोवस्तीलाई जगैबाट परिवर्तन गर्नुपर्छ। नत्र हामी सतही सुधारले पालैपालो ल्याइरहने विफलताहरूमा रूमल्लिइरहनेछौँ। हामी आफ्नो जीवनलाई उत्पादन गर्ने प्रक्रियाको मालिक बन्नुपर्छ। नत्र हामीलाई यो प्रक्रियाको मालिक भइबसेका शासकहरूको विचारले शासन गरिरहनेछ; शासकहरूका विचार नै हाम्रा मालिक भइराख्नेछन्।

टिपोट :


१. विचारले हाम्रो भौतिक यथार्थमा प्रभाव पार्न सक्दैन भनेर मार्क्सले कहिल्यै सोच्नुभएन। (जस्तो, मानिसहरू ईश्वरमा आस्था राख्छन्। यस्ता अनेक विचारले भौतिक रूपमा वास्तवमै प्रभाव पार्छन् !) बरू, मार्क्सले तर्क गर्नुभयो - भौतिक आवश्यकता पूरा गर्नका लागि विचारलाई व्यवहारमा ल्याइन्छ भने मात्र त्यसले सामाजिक यथार्थको रूपमा लिन्छ।

# च्याट जीपीटीबाट मानव समाजमाथि खतरा छ ?-२

✍ सनी

मानव चेतनाको गुण यस्तो हुन्छ कि यसले वस्तुगत जगतको प्रतिबिम्बन गर्दछ। यो प्रतिबिम्बन ऐनाको प्रतिबिम्बजस्तो दुरुस्त हुँदैन। पहिलो स्तरमा हाम्रो आँखा, नाक, कान, जिब्रो र छाला वा इन्द्रियहरूमार्फत भौतिक जगतको एक तस्वीर, एक खाका र एक रूपरेखा बनाउँछ। यो भौतिक जगत समाज र प्रकृति नै हो। जब कि समाज र प्रकृति दुवै नै परिवर्तनशील छन् भने स्पस्टै छ कि प्रतिबिम्बन पनि परिवर्तनशील हुनेछ। मानव मस्तिष्कको अमूर्तन र सामान्यीकरण गर्ने क्षमता भएकाले नै हामी इन्द्रियानुगत ज्ञानबाट छलाङ लगाएर बुद्धिसङ्गत ज्ञानसम्म पुग्छौं। सामाजिक व्यवहारले नै लगातार ज्ञान पैदा गर्दछ। प्रकृति, समाज र विचारलाई बदल्ने प्रक्रियामा नै नयाँ ज्ञान पैदा हुन्छ। सिर्फ नयाँ ज्ञान पैदा हुँदैन बरु अमूर्तन र सामान्यीकरणको पद्धति पनि उन्नत हुने गर्छ। एआईलाई प्राप्त हुने सबै सूचना मानवद्वारा आर्जित हो र यही मेसिन जसले अल्गोरिदमको प्रयोग गर्दछ, यो पनि मानवीय बुद्धिसङ्गत ज्ञानको नै हिस्सा हो। यस कुराले 'मेसिन श्रमिकको गतिविधिकै अमूर्तन हो' भन्ने मार्क्सको उक्त कथन नै पुष्ट गर्दछ।

कृत्रिम चेतनालाई मानव चेतनाबाट मुक्त चेतना मान्नु वा चेतना कुनै यस्तो चीज हो जुन मानवभन्दा बाहिर पनि निर्मित गरिन्छ भनेर यो कल्पना गर्नु गलत हो। कोही वैज्ञानिक चेतनालाई बिजुलीजस्तै मान्छन्। उनीहरूको भनाइ छ- जसप्रकार प्राकृतिक रूपमा बिजुलीलाई बादलहरूको टकराहटमा पाइन्छ, यसै प्रकारबाट बाँधमा पानीलाई टरबाइनमा खसालेर पनि पैदा गर्न सकिन्छ। एक समय गुगलको सीईओ रहेका पीटर नरविगको तर्क थियो- जसरी चराको उडानझैँ कृत्रिम तरिकाबाट हवाईजहाज पनि उडाउन सकिएको छ, त्यसरी नै मानवको मस्तिष्कको चेतनालाई मेसिनमा उत्पन्न गर्न सकिनेछ। परन्तु चेतना कुनै प्रोटिनको मलिक्युलर संरचना या बिजुली होइन; यो त सामाजिक मानव मस्तिष्क समूहमा आधारित सक्रियता हो। यो जीवनको जटिल प्रबन्ध वा समाजमा विकसित भएको हुन्छ। यो स्थिर हुँदैन। न त यो स्वयं विकसित हुन्छ। यो मानव चेतनाद्वारा आर्जित हुन्छ र उन्नरोत्तर हुँदै ज्ञानको रूपमा प्रकट हुन्छ। उत्पादनका लागि मानवको सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोगहरूको व्यवहारबाट नै मानव ज्ञान नित्य निरन्तर छिपछिपेबाट गहिराइतर्फ बढ्छ। मानव चेतनाको भौतिकताका आधार जीवन या समाज हो। यो परिकल्पना फ्रेन्कनस्टाइन नामक दैत्यझैँ लाग्न सक्छ जसलाई शरीरका विभिन्न



अङ्गहरू जोडेर ज्यान भएको बनाउन सकिन्छ र उसमा चेतना स्वत: नै पैदा भइहाल्छ !

एआईको च्याट जीपीटी र तमाम मोडलहरूलाई मानव मस्तिष्कको एक मोडल भनिँदै छ। जो न्युरल नेटवर्कमा आधारित छ। यसलाई लार्ज ल्याङ्ग्वेज मोडल भनिएको छ, जुन उपलब्ध डाटामा काम गर्ने गर्छ। यसले जुन 'इन्द्रियग्राह्य ज्ञान' पाएको छ त्यो (उपलब्ध डाटा) नै मानव ज्ञान हो। अर्को कुरा यसको 'बुद्धिसङ्गत' ज्ञान पनि मानवीय अवधारणागत ज्ञान नै हो। गणितीय प्रकार्य र यसपछि विकसित हुनेवाला पोलिसी या अल्गोरिदम मानव ज्ञानलाई नै प्रयोगमा ल्याइएको हो। छ्याङ्ग गरी भन्ने हो भने यो एक मेसिन नै हो। परन्तु लामो समयदेखि सिनेमा र पपुलर साइन्स फिक्सनमा यस्तै सस्ता परिकल्पना प्रस्तुत गरिए। जस्तो कि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले मानव जगतको विरुद्ध आफ्नो बैग्लै सभ्यता खडा गर्छ र मानव जगतलाई दास बनाउँछ। अन्तिमपटक जब 'डीप ब्लु' ले गेरी कास्पोरोवलाई हरायो त्यसपछि त यस्तो बेकारको परिकल्पनाले चौतर्फी भ्रम फैलायो र यस्तो भ्रम त्यतिबेलासम्म फैलिरहन्छ जबसम्म पुँजीवादी व्यवस्थाको समूल नास हुँदैन।

**'मानवविरुद्ध मेसिन' परिकल्पनाको राजनीतिक अर्थशास्त्र**

च्याट जीपीटी एक लार्ज ल्याङ्ग्वेज मोडल हो, जसलाई सञ्चालित हुनु पहिला सारा शब्द र वाक्यहरू तथा भाषाको व्याकरण तथा तिनलाई हल गर्नका लागि गणितीय प्रकार्य (काम) वा मानवीय अवधारणाहरूको आवश्यक पर्दछ। यसको एक उदाहरण च्याट जीपीटीको हिंसा र अश्लील डाटालाई च्याट जीपीटीमा फीड गर्नु थियो। यस डाटालाई छाँट्नका लागि केन्याका श्रमिकहरूले महिनौँ अश्लील सामाग्री हेरेर तिनमा रहेका विभिन्न तत्वहरूलाई छाने ताकि च्याट जीपीटीले यो कुरा 'सिक्न सकोस्' कि के कुरा प्रयोग गर्न सकिने हो र के होइन ! ती श्रमिकहरूले प्रयोग गरेका मापदण्डलाई नै मेसिनले आफसेआफ प्रयोग गरेर सामग्री छाँट्छ र गल्ती भएमा श्रमिकले नै त्यसलाई सुधार गर्दै जान्छन्। स्पष्टत: च्याट जीपीटी पनि पावरलूमजस्तै मेसिन हो। केन्याका श्रमिकहरूलाई कम ज्याला दिएर र मानसिक अवसादमा पुऱ्याएर नै च्याट जीपीटीले यो गुणवत्ता हासिल गऱ्यो र अहिले आएर यस्ता अश्लील सन्देशहरूलाई पहिचान गर्नसक्यो। यो च्याट जीपीटीको डेटाको एक प्रकारको सुरुआती प्रक्रिया थियो। केन्याका श्रमिकहरूको उदाहरणबाट यो उजागर हुन्छ कि श्रमिकहरूको श्रम सस्तोमा लुटेर च्याट जीपीटी बनेको हो। एआईलाई मानव जगतका विरुद्ध राख्नु स्वयंमा गलत कुरा हो। यो कल्पना मान्छेलाई हुत्याएर मेसिनबाट मुनाफा कमाउनेवाला तन्त्रमा काम लिन सकिन्छ भन्ने धारणाको जडमा खडा छ।

अब यस परिकल्पनालाई राजनीतिक अर्थशास्त्रको आँखाबाट जाँचबुझ गरौँ। यदि तपाईंले आधारभूत राजनीतिक अर्थशास्त्रको ज्ञानलाई प्रयोगमा ल्याउनु भएमा यो स्पष्ट हुनेछ कि पुँजीपतिको मुनाफा अतिरिक्त मूल्यबाट पैदा हुन्छ। पुँजीपतिको पुँजीको दुई हिस्सा हुन्छ - परिवर्तनशील पुँजी तथा स्थिर पुँजी। पुँजीपतिद्वारा ज्यालामा लगाइएको पुँजीलाई परिवर्तनशील पुँजी भनिन्छ र यसले नै अतिरिक्त मूल्य पैदा गर्दछ र मुनाफाको स्रोत हुन्छ। यसलाई परिवर्तनशील पुँजी किन भनिन्छ भने यो श्रमशक्तिमा लगाइने खर्च हो। यसले नै उत्पादनको प्रक्रियामा अतिरिक्त मूल्य या बढी मूल्य पैदा गर्दछ। उत्पादनको साधनहरूमा लाग्ने पुँजीलाई स्थिर पुँजी भनिन्छ। उत्पादनको प्रक्रियामा यसको मूल्य श्रमद्वारा माल (वस्तु) मा जस्ताको जस्तै स्थानान्तरित हुन्छ। हामी जुन परिकल्पनालाई जाँचबुझ गर्न चाहन्थ्यौँ त्यसअनुसार उत्पादनको प्रक्रियामा मेसिनहरूले श्रमिकहरूलाई पूर्णरूपबाट बाहिर हुत्याउनेछ ! अब यदि हामीले यो मानौँ कि यस उद्योगमा नयाँ मेसिन लगाएका कारण श्रमिकहरूलाई कामबाट बाहिर निकालियो भने पुँजी स्थिर पुँजीगत लागत (मेसिनमा गरिने खर्च) बढ्छ तथा ज्यालामा लगाइने लागत कम हुन्छ। उत्पादनको प्रक्रियामा मेसिनको प्रयोग बढाएर परिवर्तनशील लागत कम गर्नु (श्रमिकको सङ्ख्या घटाउनु) को अर्थ हो पुँजीपतिको कुल पुँजी निवेशमा कच्चा माल, मेसिन प्रणाली वा उत्पादनको साधनहरूमा गरिने खर्च ज्यालाको तुलनामा बढ्न जान्छ।

के स्थिर पुँजी र परिवर्तनशील पुँजीको अनुपातमा परिवर्तनशील पुँजी कम हुँदै गएर शून्यमा पुग्ला त ? यस्तो हुनै सक्दैन, श्रमिकहरूलाई पुँजीवादी उत्पादन प्रक्रियाबाट पूर्णत: हटाउन सम्भव छैन, किनकि यस्तो गरियो भने अतिरिक्त मूल्यको उत्पादन नै हुँदैन।

अब यसलाई अर्को उदाहरणबाट बुझौँ। मान्नुहोस् कि सबै उद्योगहरूमा पूर्ण मसिनीकरण गरियो। अब उद्योगमा एकजना पनि श्रमिक काम गरिरहेका छैनन्, कुनै कार्यालय या अफिसमा कुनै श्रमिक या कर्मचारी काम गरिरहेका छैनन्, सम्पूर्ण सेवा क्षेत्रहरूमा कुनै श्रमिकहरू काममा छैनन् र तिनीहरूका सबै काम मेसिनले गरिरहेका छन्। मानौँ, यस्तो भयो भने समाजमा आयका विभिन्न रूप पनि समाप्त हुनेछन्। यदि आयका विभिन्न रूप समाप्त भए भने त पुँजीपतिका उद्योगहरू आदिबाट मेसिनले पैदा भइरहेका वस्तुहरू या सेवाहरूलाई कसले किनिदेला ? मुनाफा पनि समाप्त हुन जाला, ज्याला पनि समाप्त हुन जाला, लगान पनि समाप्त हुन जाला। तर, पुँजीपति त माल बेचेर मुनाफा कमाउनका लागि उत्पादन गर्छ, फ्रीमा मानिसलाई बाँड्न त होइन ! यही कारण हो, पुँजीवादी उत्पादन प्रणालीमा पूर्ण स्वचालनको अवस्था राजनीतिक अर्थशास्त्रको आँखाबाट पनि असम्भव हुन्छ। किनकि आयका यी सबै रूप मूल्यकै हिस्सा हुन्, जो स्वयं श्रमिकको श्रमबाट नै पैदा हुन्छ।

यो नै आधारभूत कुरा हो जसलाई बुझेर हामी पुँजीवादमा यस परिकल्पनाको असम्भव्यतालाई बुझ्न सक्छौँ। मूल प्रश्न यस्तो उत्पादन प्रणालीको हो, जसले मुनाफाका लागि मेसिन र मानवबिच व्यवधान खडा गर्दछ। एक यस्तो व्यवस्थामा जहाँ समाजको केन्द्र मनुष्य हुनेछ मुनाफा होइन, केवल त्यहीं यस्तो वास्तविक अन्तरविरोधलाई समाप्त गर्न सकिन्छ। त्यसबेला मात्र श्रमको औजार(मेसिन) मान्छेको 'सत्व चुस्ने माध्यम' नबनेर त्यसको सृजनात्मक शक्ति बन्ला।

*(मजदुर बिगुल, नोभेम्बर, २०२३ बाट साभार)*



इरानको राजधानी तेहरानमा अमेरिकी-इजरायली हमलाबाट ध्वस्त भएको आवासीय भवनको भग्नावशेषमा आक्रमणको क्रममा मारिएका त्यस भवनका बासिन्दाहरूको तस्बिर र फूल राखी श्रद्धाञ्जली अर्पण गरिँदै अप्रिल १३, २०२६ का दिन ।

*तस्बिर : एएफपी*

# अमेरिका–इरान वार्तामा गति पाकिस्तानको नयाँ प्रस्ताव

इस्लामाबाद, १ वैशाख (एपी) । अमेरिका र इरानबिच जारी कूटनीतिक संवादले केही प्रगति गरेको सङ्केत देखिएपछि पाकिस्तानले दोस्रो चरणको वार्ताका लागि नयाँ प्रस्ताव अघि सारेको छ । क्षेत्रीय तनाव बढिरहेका बेला यस्तो पहललाई सम्भावित समाधानतर्फको महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले हालै इरानसँगको वार्तामा ‘केही प्रगति’ भएको बताएका थिए भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि ‘अर्को पक्ष वार्ताका लागि इच्छुक रहेको’ प्रतिक्रिया दिनुभएको थियो । यही पृष्ठभूमिमा पाकिस्तानले इस्लामाबादमै अर्को चरणको वार्ता आयोजना गर्ने प्रस्ताव अघि सारेको हो ।

पाकिस्तानी अधिकारीहरूले नाम गोप्य राख्ने सर्तमा दिएको जानकारीअनुसार यो प्रस्ताव दुवै पक्षको सहमतिमा मात्र अघि बढ्नेछ । उनीहरूले एकपटकको वार्ताभन्दा निरन्तर कूटनीतिक प्रक्रियामार्फत समाधान खोज्नुपर्नेमा जोड दिएका छन् ।

यसैबिच, मध्यपूर्वमा तनाव थप चर्किने सङ्केत देखिएका छन् । लेबनानस्थित सशस्त्र समूह हिज्बुल्लाहका एक वरिष्ठ अधिकारीले अमेरिका-लेबनान-इजरायलबिच सुरु हुन लागेको वार्ताबाट हुने कुनै पनि सम्झौता नमान्ने चेतावनी दिएका छन् । यसले वासिङ्टनमा सुरु हुने प्रत्यक्ष लेबनान-इजरायल वार्तालाई



चुनौतीपूर्ण बनाएको छ ।

लेबनानका अधिकारीहरू भने इजरायलसँगको युद्धविराम सम्भव बनाउन आशावादी देखिएका छन् । हालसम्म उक्त द्वन्द्वमा कम्तीमा दुई हजार ८९ जनाको ज्यान गएको बताइएको छ । तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले तत्काल युद्धविरामभन्दा हिजबुल्लाहको नि:शस्त्रीकरण र दीर्घकालीन शान्ति सम्झौतामा जोड दिनुभएको छ ।

यता, अमेरिकाद्वारा इरानी बन्दरगाहहरूमा गरिएको नाकाबन्दी र त्यसप्रति इरानको कडा प्रतिक्रिया दिने चेतावनीले विश्व अर्थतन्त्रमा समेत प्रभाव पार्न थालेको छ । यसले तेल आपूर्ति र समुद्री मार्गहरू, विशेषगरी होर्मुज जलडमरू जोखिममा पर्ने चिन्ता बढाएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा पनि कूटनीतिक पहल तीव्र भएका छन् । स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले चीनलाई विश्वस्तरीय वार्ताकारको भूमिकामा अझ सक्रिय हुन आग्रह गर्नुभएको छ । चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटपछि उहाँले इरान र युक्रेनजस्ता द्वन्द्व समाधानमा चीनको भूमिका निर्णायक हुन सक्ने धारणा व्यक्त गर्नुभयो ।

जर्मनीका चान्सलर फ्रेडरिक मर्जले पनि इजरायल-लेबनान प्रत्यक्ष वार्तालाई समर्थन गर्दै दक्षिण लेबनानमा शत्रुता अन्त्य गर्न आह्वान गर्नुभएको छ । साथै, उहाँले अमेरिका-इरानबिच कूटनीतिक सहमति कायम गर्नुपर्नेमा जोड दिनुभएको छ ।

यसैक्रममा, चीनले मध्यपूर्वमा दीर्घकालीन शान्तिका लागि चार बुँदे प्रस्ताव अघि सारेको छ, जसमा सार्वभौमसत्ताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना र शान्तिपूर्ण सहअस्तित्वलाई प्राथमिकता दिइएको छ ।

कूटनीतिक प्रयासहरू बढेसँगै विश्व बजारमा पनि प्रभाव देखिएको छ । अमेरिका-इरान वार्ता अगाडि बढ्ने अपेक्षाले तेलको मूल्य घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ ।

# अमेरिकी सैनिकलाई कारबाही गर्न राष्ट्रसङ्घलाई इरानको आग्रह

तेहरान (इरान), १वैशाख ( एएनआई) । संयुक्त राष्ट्रका लागि इरानी राजदूत अमिर सइद इरवानीले अमेरिकी सैनिकले इरानी सार्वभौमसत्ताको उल्लङ्घन गरेको विषयको निन्दा गर्दै संयुक्त राष्ट्रसङ्घलाई अमेरिकी सैनिकलाई कारबाही गर्न आग्रह गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस र संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्का अध्यक्षलाई पठाएको पत्रमा इरवानीले अमेरिकाको कदमलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरामा पार्ने आक्रमक कार्य भन्दै निन्दा गर्नु भएको छ । सैनिक नाकाबन्दी लागू गर्नु इस्लामिक गणतन्त्र इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको घोर उल्लङ्घन भएको उहाँले बताउनुभएको छ । गत अप्रिल -१२ मा युएस सेन्ट्रल कमान्ड (सेन्टकम) द्वारा सार्वजनिक रूपमा सैनिक आतङ्कवादको घोषणा गरिएको थियो ।

उहाँले अमेरिकाले संयुक्त राष्ट्रको बडापत्रको धारा- २, अनुच्छेद ४ को उल्लङ्घन गर्दै आतङ्कवाद घोषणा गरेको बताउनुभएको छ ।

उहाँले अवैध नाकाबन्दीले समुद्रसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेको बताउनुभएको छ । इरानी बन्दरगाहहरूमा आउने र जाने समुद्री यातायात रोक्ने प्रयास गरेर, अमेरिकाले इरानको सार्वभौम अधिकारको प्रयोगमा हस्तक्षेप गरिरहेको र अन्तर्राष्ट्रिय कानुन अनुसार तेस्रो राज्यहरूको अधिकार र वैध समुद्री व्यापारको उल्लङ्घन गरिरहेको पत्रमा उल्लेख गरिएको छ ।

इरानले अमेरिकाको अवैध कार्यलाई अस्वीकार र निन्दा गर्दै आफ्नो सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रिय हितहरूको रक्षा गर्न आवश्यक उपायहरू गर्ने आफ्नो “अन्तर्निहित अधिकार” राख्ने बताएको छ ।

उहाँले अमेरिकाले अन्तर्राष्ट्रिय रूपमा गैरजिम्मेवारपूर्ण कार्य र क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा गलत प्रभावहरूलगायत यसका सबै परिणामहरूको लागि पूर्ण जिम्मेवारी वहन गर्नुपर्ने बताउनुभएको छ ।

तत्काल अन्तर्राष्ट्रिय हस्तक्षेपको आह्वान गर्दै, इरानी दूतले संयुक्त राष्ट्र सुरक्षा परिषदलाई नाकाबन्दीको निन्दा गर्न र तनाव रोक्न कदम चाल्न आग्रह गर्नुभएको छ ।

इरवानीले संयुक्त राष्ट्र सङ्घलाई सम्वोधन गर्दै लेखेको पत्रमा इरानविरुद्ध अमेरिकाको निरन्तर अन्तर्राष्ट्रिय कानुनको उलङ्घन गरेको विषय उजागर गर्नुभएको छ । यसैबिच, अमेरिकी सेनाले हाल मध्यपूर्वमा कम्तिमा १५ वठा लडाकू जहाजहरूको उपस्थिति कायम राखेको छ, राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशपछि सेनाले इरानको बन्दरगाहहरूको समुद्री नाकाबन्दीमा भाग लिन सक्ने अमेरिकी अधिकारीलाई उद्धृत गर्दै सिएनएनले रिपोर्ट गरेको छ । यसअघि पाकिस्तानमा भएको वार्तामा कुनै सहमति हुन नसकेपछि अमेरिकी राष्ट्रपतिले इरानी बन्दरगाहहरूमा नौसैनिक नाकाबन्दी लगाएको जनाइएको छ ।

## विश्व सङ्क्षेप

### भारी वर्षा र बाढीका कारण दुई सय अफगानको मृत्यु

काबुल, १ वैशाख (सिन्ह्वा) । अफगानिस्तानमा विगत १८ दिनमा आएको भारी वर्षा र बाढीका कारण करिब २०० जनाको मृत्यु भएको अफगानीस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ता हाफिज मोहम्मद युसुफ हम्मादले बताउनुभएको छ ।

भारी वर्षासँगै आएको आँधीबेहरी बाढीले पाकिस्तानमा १८९ जनाको ज्यान लिएको नौ बेपत्ता रहेको र २५३ जना घाइते भएको अफगानिस्तानका सञ्चार माध्यमहरूले प्रवक्ता हम्मादलाई उद्धृत गर्दै जनाएका छन् ।

अधिकारीका अनुसार आँधीबेहरी र बाढीका कारण कुल अफगानीस्तानमा एक हजार ३०३ घरहरू पूर्ण क्षतिग्रस्त भएका छन् भने पाँच हजार ८०० भन्दा बढी घरहरू आंशिक रूपमा क्षतिग्रस्त भएका छन् ।

अफगानिस्तानका विभिन्न भागहरूमा मार्च-२५ देखि भारी वर्षा, शक्तिशाली हावा र आकस्मिक बाढी आएको छ भने मौसम विभागले देशको १४ प्रान्तमा मङ्गलबार थप वर्षाको पूर्वानुमान गरेको छ ।

### पाकिस्तानमा पोलियो अभियानमा खटिएका प्रहरीमाथि आक्रमण, एक जनाको मृत्यु, पाँच घाइते

इस्लामावाद, १ वैशाख (सिन्ह्वा) । पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा अज्ञात बन्दुकधारीको समूहले पोलियो अभियानमा खटिएका प्रहरीको गाडीमा आक्रमण गर्दा कम्तीमा एक जना प्रहरीको मृत्यु हुनुका साथै अन्य पाँच जना घाइते भएको आधिकारिक स्रोतहरूले बताएका छन् ।

आक्रमणको घटना हंगु जिल्लामा भएको थियो, जहाँ प्रहरी टोली पोलियो विरोधी अभियानको लागि सुरक्षा प्रभान गर्ने कर्तव्य पालन गर्न जाँदै थियो, स्रोतहरूले नाम नछाप्ने सर्तमा बताएको सिन्ह्वाले जनाएको छ ।

आक्रमणकारीहरूले प्रहरीलाई आक्रमण गरी अन्धाधुन्ध गोली हान्दा छ जना कर्मचारीहरू घाइते भएको पुष्टि गर्दै प्रहरीले उपचारको क्रममा एक जना घाइतेको मृत्यु भएको जनाएको छ ।

सुरक्षा बलहरू घटनास्थलमा पुगेर घटनास्थलाई घेराबन्दी गरी आक्रमणकारीहरूलाई पत्ता लगाउन खोजी अभियान सुरु गरेको बताइएको छ भने अहिलेसम्म कुनै समूहले आक्रमणको दाबी गरेको छैन ।

### मध्यपूर्व युद्धबारे छलफल गर्न रूसी विदेशमन्त्री चीनमा

पेइचिङ, १ वैशाख (एएफपी) । रूसका विदेशमन्त्री सर्गेइ लाभरोभले मध्य-पूर्व युद्धको विषयमा सहयोग गर्ने उद्देश्यले चिनियाँ राजधानी पुगेको रूसी विदेश मन्त्रालयले जनाएको छ । चीनले मङ्गलबार भियतनामको टो लाम र अबु धाबीका राजकुमार मोहम्मद बिन जायद अल नाह्यानसहित युद्धको कारण प्रभावित भएका देशका नेताहरूलाई छलफलका लागि आमन्त्रण गरेको जनाएको छ ।

लाभ्रोभले चिनियाँ शीर्ष कूटनीतिज्ञ वाङ्ग यीसँग वार्ता गर्ने जनाइएको छ जसमा द्विपक्षीय सम्बन्धको विकास, विभिन्न क्षेत्रमा सहयोग, र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विषयहरूमा छलफल र स्थिति समन्वय गर्ने चिनियाँ विदेश मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ ।

रूसी विदेश मन्त्रालयले युक्रेनको युद्ध र मध्यपूर्वको अवस्थाबारे छलफल गर्ने पनि बताएको छ ।

पेइचिङ र मस्को घनिष्ठ आर्थिक र राजनीतिक साझेदार हुन्, भने सन् २०२२ मा रूसले युक्रेनमा आक्रमण गरेपछि सम्बन्ध अझ बलियो भएको जनाइएको छ । मध्यपूर्वमा तनाव कम गर्न पेइचिङ र मस्कोले मिलेर काम गर्ने विषयमा सहमति भएपछि वाङले गत अप्रिल - ५ मा लाभ्रोभसँग फोन वार्तासमेत गरेका जनाइएको छ ।

यसैबिच चिनियाँ प्रधानमन्त्री ली किआङले संयुक्त अरब इमिरेट्सका नेतालाई पेइचिङ “थप रचनात्मक भूमिका खेल्न र खाडी क्षेत्रमा शान्ति पुन: स्नाथापमा योगदान गर्न तयार रहेका बताउनुभएको छ ।

### टर्की विद्यालयमा गोलीकाण्ड, १६ घाइते

इस्तानबुल, १ वैशाख (एएफपी) । टर्कीको दक्षिणपूर्वी क्षेत्रमा रहेको एक विद्यालयमा पूर्व विद्यार्थीबाट गरिएको अन्धाधुन्ध गोलीकाण्डमा कम्तीमा १६ जना घाइते भएका छन् । यस गोलीकाण्डले देशमा विद्यालय सुरक्षाबारे पुन: गम्भीर चिन्ता उत्पन्न गराएको छ ।

सान्लिउर्फा प्रान्तको सिभेरेक जिल्लास्थित उक्त विद्यालयमा मङ्गलबार भएको घटनापछि सुरक्षाकर्मीहरू व्यापक रूपमा परिचालन गरिएका थिए । स्थानीय गभर्नर हसन सिल्डकका अनुसार घटनापछि विद्यालय तत्काल खाली गराइएको थियो र विद्यार्थीहरूलाई सुरक्षित रूपमा बाहिर निकालिएको थियो ।

टेलिभिजन दृश्यहरूमा त्रसित विद्यार्थीहरू भाग्दै गर्दा विद्यालय बाहिर एम्बुलेन्सहरू तैनाथ गरिएको देखिएको थियो । घटनाले आसपास क्षेत्रमा पनि भय र अफवाह फैलाएको थियो ।

गभर्नर सिल्डकका अनुसार आक्रमणकारी सन् २००७ मा जन्मिएका सोही विद्यालयका पूर्वविद्यार्थी थिए । प्रहरीद्वारा घेराबन्दी गरिएपछि उनले आफ्नै ज्यान लिएका थिए । प्रारम्भिक विवरणअनुसार उनले पम्प-एक्सन सटगन प्रयोग गर्दै विद्यालयको करिडोरमा अन्धाधुन्ध गोली चलाएका थिए ।

# धोका, विरह र अमर स्मृति
## भक्तपुरको 'घातु', बिस्का: को पीडादायी स्वर

● हरिसुन्दर छुकां

१८ औं शताब्दीको उत्तरार्द्धमा काठमाडौं उपत्यका तीन स्वतन्त्र मल्ल राज्यहरू–कान्तिपुर, ललितपुर (पाटन) र भक्तपुर (भादगाउँ)मा विभाजित थियो। आपसी द्वन्द्व, शक्ति सङ्घर्ष र अविश्वासले यी राज्यहरूलाई भित्रैबाट कमजोर बनाइरहेको थियो।

भक्तपुरका राजा रणजीत मल्ल शासक मात्र थिएनन्। उनी कवि थिए; सङ्गीतका पारखी थिए र कला-संस्कृतिका संरक्षक थिए। उनको शासनकालमा भक्तपुर सांस्कृतिक रूपमा अत्यन्त समृद्ध थियो। इतिहासका कतिपय विवरणले देखाउँछ कि पृथ्वीनारायण शाह युवावस्थामा भक्तपुर दरबारमा अतिथिका रूपमा बसेका थिए र रणजीत मल्लसँग 'मित'–मितबुबा-छोराको सम्बन्धमा बाँधिएका थिए। त्यो सम्बन्ध विश्वास र आत्मीयताको प्रतीक थियो।

१७६९ को भक्तपुर आक्रमणले सबै बदलिदियो। गोर्खाली सेनाको आक्रमणसँगै भक्तपुरभित्रको आन्तरिक षड्यन्त्र, दरबारको कमजोर कूटनीति र विश्वासघातले राज्यलाई जोगाउन सकेन।

पराजित रणजीत मल्ललाई उपत्यका छोड्न बाध्य पारियो। काशी प्रस्थानको क्रममा चन्द्रागिरि डाँडामा उभिएर उनले अन्तिमपटक भक्तपुरलाई नियाले–ढुङ्गे गल्लीहरू, पाँचतले मन्दिरका छायाहरू, चोक-चौबाटा र आफ्ना प्रजाको स्मृति। त्यो क्षण केवल बिदाइ थिएन; त्यो एक युगसँगको अन्तिम संवाद थियो। त्यहींबाट जन्मियो–'घातु'।

नेपालभाषाको दाफा परम्परामा गाइने यो गीत, जसलाई 'थयें जागु रस' पनि भनिन्छ, कुनै साधारण रचना होइन; यो पराजित राजाको अन्तिम आत्मस्वर हो। गीत सुरु हुन्छ–

थयें जागु रस गबलेसं दई मखु। राम हा जि गने वने..."

अर्थात् –यस्तो उल्लासमय, रसपूर्ण क्षण अब कहिल्यै फर्किने छैन; हे राम, अब म कहाँ जाऊँ?

गीतमा राजा आफ्नो नियतिप्रति आत्मग्लानिमा डुबेका छन्। आफूलाई 'अभागी पापी' भन्दै उनी पूर्ण एक्लोपनको अनुभूति व्यक्त गर्छन्–

'जवे स्व:सा दाजु मदु, ख: वे स्वसा किजा मदु'

दायाँ हेर्दा दाजु छैन, बायाँ हेर्दा भाइ छैन। यो केवल राजनीतिक एक्लोपन होइन; यो अस्तित्वगत विछोडको चरम अनुभूति हो।

त्यसपछि गीतमा आक्रोश र पीडा मिसिन्छ। पृथ्वीनारायण शाहलाई 'चण्डाल पर्वते केटो' भनेर व्यङ्ग्य गर्दै उनले आफूलाई पोखरीको माछा र पाँचतले मन्दिरको परेवा ठान्छन् –सुरक्षित ठानेको संसारमै अचानक आक्रमण भई नष्ट भएको अनुभूति। यो रूपक केवल युद्धको कथा होइन; यो विश्वासघातको गहिरो चोट हो।

गीतको अर्को तहमा पुग्दा आस्था पनि भत्किन्छ–

"दैव या भरे च्वने: जी:त तरे मजु रे दैव:"

भगवानमा समेत भरोसा छैन। जब सबै आधार भत्किन्छन्, तब मानिस आफ्नो अस्तित्वसँग एक्लै उभिन्छ–घातु यही क्षणको अभिव्यक्ति हो।

तर, गीतको अन्त्यमा एउटा अद्भुत मोड आउँछ–क्रोध, पीडा र निराशामाथि प्रेमको विजय। सबै गुमाएपछि पनि राजाको अन्तिम चाहना एउटै रहन्छ–यदि पुनर्जन्म भयो भने, फेरि यही भक्तपुरमा जन्म लिन पाऊँ। किनकि यहाँको कला, कौशल, रस र सांस्कृतिक जीवन उनका लागि स्वर्गभन्दा पनि उच्च छ।

आज, दुई शताब्दीभन्दा बढी समयपछि पनि, बिस्का: जात्राको रौनकबिच यो गीत गुञ्जिन्छ। जब योसिं ठड्याइन्छ, भैरवनाथ र भद्रकालीका रथ तानिन्छन्, धिमे, धाँ र झ्यालीको तालमा सहर कम्पित हुन्छ–त्यही क्षणमा 'घातु' उठ्छ। भीडको उन्मादबिच अचानक एक गहिरो मौनता फैलिन्छ र २५० वर्ष पुरानो विरह वर्तमानमा रूपान्तरित हुन्छ।

'घातु' इतिहासको वैकल्पिक आवाज हो। "इतिहास विजेताले लेख्छन्" भन्ने मान्यतालाई यसले चुनौती दिन्छ।

भक्तपुरका लागि 'घातु' हारको कथा होइन। यो स्मृतिको पुनर्जागरण हो। यो भाषा, कला, परम्परा र पहिचानको रक्षा हो। रणजीत मल्लले राज्य गुमाए, तर आफ्नो भावनालाई समयभन्दा माथि उठाएर अमर बनाए।

आज पनि जब त्यो स्वर गुञ्जिन्छ–

"राम हा जि गने वने..."

त्यो केवल एउटा गीत होइन; त्यो भक्तपुरको आत्मा हो। ढुङ्गे गल्लीहरू, मन्दिरका छायाहरू र बिस्काको भीडबिच, त्यो स्वर अझै बाँचेको छ–

धोका, विजय र विरहको सङ्गम बनेर–भक्तपुरको अमर स्मृतिका रूपमा।

# सम्पत्ति होइन, त्यसको स्रोतले उठाउँछ प्रश्न

● कृष्णप्रसाद लामिछाने

मन्त्रीपरिषद्मा पेस गरिएको सम्पत्ति विवरणले केही व्यक्तिहरूको आर्थिक अवस्था मात्र सार्वजनिक गरेको छैन, यसले हाम्रो सामाजिक सोच, मूल्य-मान्यता र हैसियत मापन गर्ने तरिकामाथि गम्भीर बहस सुरु गरिदिएको छ। कोही यसलाई पारदर्शिताको अभ्यास भन्दै स्वागत गरिरहेका छन् त कोही यसभित्र लुकेका असमानता र सम्भावित अपारदर्शितामाथि प्रश्न उठाइरहेका छन्। यी तर्क-वितर्क स्वाभाविक छन्, किनकि विषय केवल "सम्पति कति छ ?" भन्ने होइन, "कसरी आयो ?" भन्ने हो।

हाम्रो समाजमा अझै धन-दौलतलाई सफलताको मुख्य सूचक मान्ने प्रवृत्ति बलियो छ। बाहिरी देखावट, विलासिता र जीवनशैलीले व्यक्तिको मूल्य निर्धारण गर्छ भन्ने सोचले जरा गाडेको छ। यही मानसिकताका कारण सम्पत्ति विवरण सार्वजनिक हुँदा धेरैको ध्यान रकमको आकारतर्फ केन्द्रित हुन्छ, स्रोततर्फ होइन। तर यथार्थमा, प्रश्न उठ्नुपर्ने ठाउँ सम्पत्तिको परिमाणमा होइन, त्यसको उत्पत्तिको प्रक्रियामा हो।

यदि सम्पत्ति इमानदारितापूर्वक आर्जन गरिएको हो, कानुनी दायराभित्र रहेर कर तिरिएको छ र आय-व्यय पारदर्शी छ भने त्यस्तो समृद्धि प्रशंसनीय हुन्छ। त्यो व्यक्तिगत सफलताको प्रतीक मात्र हुँदैन, समाजमा विश्वास निर्माण गर्ने आधार पनि बन्छ। यस्तो उदाहरणले प्रणालीप्रति भरोसा बढाउँछ र श्रम, सीप तथा अनुशासनमार्फत उन्नति सम्भव छ भन्ने सन्देश दिन्छ।

तर, जब सम्पत्तिको स्रोत अस्पष्ट रहन्छ, जब विवरण र यथार्थबिच अन्तर देखिन्छ, त्यतिबेला उठ्ने प्रश्नहरूलाई नकारात्मकताको रूपमा व्याख्या गर्नु गलत हुन्छ। प्रश्न उठाउनु कुनै व्यक्तिविशेषप्रतिको पूर्वाग्रह होइन, यो प्रणालीप्रतिको चासो हो। अझ सार्वजनिक पदमा रहेका व्यक्तिहरूका हकमा त पारदर्शिता केवल विकल्प होइन, अनिवार्य दायित्व हो। उनीहरूको आर्थिक गतिविधि निजी सीमाभन्दा बाहिर गएर सार्वजनिक विश्वाससँग जोडिन्छ।

अहिले भइरहेका तर्क-वितर्कलाई दुई ध्रुवमा मात्र सीमित गरेर हेर्न मिल्दैन। एक पक्षले "सबैलाई शङ्का गर्ने प्रवृत्ति गलत हो" भन्छ भने अर्को पक्षले "सबै कुरा स्वच्छ छैन" भन्छ। तर, यथार्थ यी दुईबिच कतै छ। अन्ध विरोधले जति हानि गर्छ त्यो भन्दा बढी हानि अन्ध समर्थनले गर्छ। तसर्थ, अहिलेको आवश्यकता तथ्यमा आधारित, सन्तुलित र उत्तरदायी बहस हो–जहाँ न त उपलब्धिलाई अवमूल्यन गरिन्छ, न त सम्भावित कमजोरीलाई ढाकछोप गरिन्छ।

सम्पत्ति विवरणजस्ता अभ्यासहरू लोकतान्त्रिक उत्तरदायित्वका महत्त्वपूर्ण आधार हुन् तर यिनको सार्थकता कागजमा सीमित रहनु हुँदैन। जबसम्म यसको विश्वसनीयता, जाँच-पड्ताल र सार्वजनिक विश्वाससँगको सम्बन्ध बलियो हुँदैन, तबसम्म यस्तो विवरण केवल औपचारिक बन्न सक्छ। पारदर्शिता भनेको केवल खुलासा गर्नु होइन, त्यो विश्वास दिलाउन सक्ने प्रक्रियासमेत हो।

समृद्धि आफैँमा न त दोष हो, न त लाजको विषय। तर समृद्धिको आधार यदि अस्पष्ट, असमान र अन्यायपूर्ण भयो भने, त्यसले समाजमा गहिरो मनोवैज्ञानिक प्रभाव पार्छ। यसले मेहनत गर्ने मानिसलाई निरुत्साहित गर्छ, गलत बाटोलाई सामान्य बनाउँछ र अन्ततः संस्थागत नैतिकतालाई कमजोर पार्छ। यहींबाट अविश्वासको चक्र सुरु हुन्छ–जहाँ नागरिक र राज्यबिचको दूरी बढ्दै जान्छ।

आजको बहसको सार यही हो–हामीले सम्पत्तिलाई होइन, त्यसको स्रोतलाई केन्द्रमा राख्नुपर्छ। व्यक्तिको हैसियत उसको बैङ्क ब्यालेन्सले होइन, त्यो ब्यालेन्स कसरी निर्माण भयो भन्ने कुराले निर्धारण गर्छ। यही दृष्टिकोणले मात्र न्याय, पारदर्शिता र दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न सक्छ।

अन्ततः, समाजले के कदर गर्छ भन्ने कुराले नै भविष्यको दिशा तय गर्छ। यदि हामीले केवल सम्पन्नतालाई सम्मान गर्यौं भने, जुनसुकै बाटोबाट प्राप्त धन पनि वैध ठहरिनेछ। तर यदि हामीले शुद्ध स्रोत, इमानदार प्रयास र पारदर्शी आचरणलाई प्राथमिकता दियौं भने, त्यही नै हाम्रो वास्तविक हैसियत बन्नेछ। सम्भवतः, यहींबाट सुरु हुनेछ विश्वासमा आधारित, समुन्नत र नैतिक समाजतर्फको यात्रा।

*हेलम्बु -४, सिन्धुपाल्चोक*

# सलहेश फूलबारी मेलाको अन्तर्राष्ट्रियकरणको खाँचो

- राजेश विद्रोही

काठमाडौं, १ वैशाख (रासस)। नयाँ वर्षको दिन सिरहाको लहानमा अवस्थित लोकनायक सलहेश फूलबारी मेला लाग्ने गर्दछ। यो मेलाको आफ्नै प्राचीन र ऐतिहासिक महत्त्व रहेको छ। मिथिलाको धार्मिक-ऐतिहासिक भूमिमा रहेको यो स्थल दलित समुदायअन्तर्गत पर्ने दुसाद (पासवान) जातिको पुर्ख्यौली इतिहाससँग जोडिएको छ। नेपालका महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलहरूमध्ये यो पनि एक विशिष्ट पहिचान बोकेको स्थल हो तर दलित समुदायको इतिहाससँग सम्बन्धित भएकै कारण यो स्थल लामो समयसम्म ओझेलमा परेको मात्र छैन, पछिल्लो समय विभिन्न कारणले विवादमा समेत तानिएको छ।

यस सन्दर्भमा राज्यले गम्भीर अध्ययन र अनुसन्धान गरी यस स्थललाई यसको मौलिक इतिहाससँग जोडिएको समुदायकै अग्राधिकार सुनिश्चित हुने गरी संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ। साथै, नयाँ वर्षको अवसरमा यस मेलाको व्यापक प्रचारप्रसार गरी विदेशी पर्यटक आकर्षित गर्ने उद्देश्यले अन्तर्राष्ट्रियकरण गर्नु आजको आवश्यकता हो। यसबाट राज्यको आर्थिक, सामाजिक र ऐतिहासिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने निश्चित छ।

नेपालको तराई-मधेस भौगोलिक रूपमा मात्र नभई यो इतिहास, लोकविश्वास र सांस्कृतिक स्मृतिहरूको जीवित सङ्ग्रहालय पनि हो। यहाँका प्रत्येक पर्व, मेला र परम्पराले कुनै न कुनै सामाजिक, ऐतिहासिक वा सांस्कृतिक अर्थ बोकेका छन्। यिनै परम्पराहरूको बिचमा गहिरो जनविश्वास, पहिचान र प्रतिरोधको चेतनासँग गाँसिएको एक महत्त्वपूर्ण सांस्कृतिक अभ्यास हो–राजा सलहेशको कथा र फूलबारी मेला। जुन प्रत्येक नयाँ वर्षको दिन विशेष उत्साहका साथ मनाइन्छ।

वैशाख १ नेपाली नयाँ वर्षको सुरुवात मात्र होइन, यो समयको पुनरारम्भ, आशा र नवजीवनको प्रतीक पनि हो। पहाडी क्षेत्रकैँ मधेसमा पनि नयाँ वर्षले सामाजिक, धार्मिक र सांस्कृतिक गतिविधिलाई नयाँ ऊर्जा दिन्छ। तर मधेसको विशेषता के हो भने यहाँ नयाँ वर्ष केवल पात्रो परिवर्तनमा सीमित छैन–यो लोकनायकहरूको स्मरण, सामूहिक आस्था र सामाजिक सांस्कृतिक पुनर्जागरणसँग गहिरो रूपमा जोडिएको छ। राजा सलहेशको फूलबारी मेला यसै सन्दर्भमा नयाँ वर्षलाई सामाजिक अर्थ दिने महत्त्वपूर्ण माध्यम बनेको छ। यहाँ नयाँ वर्षको स्वागत केवल शुभकामना साटासाटबाट मात्र होइन, सांस्कृतिक भेला, सामूहिक अनुष्ठान र ऐतिहासिक स्मरणमार्फत गरिन्छ।

राजा सलहेश मधेसी समाजका विशेषगरी दुसाद (पासवान) समुदायका लागि केवल ऐतिहासिक पात्र मात्र होइनन्, उनी सामाजिक न्याय, समानता र प्रतिरोधका प्रतीक पनि हुन्। मौखिक परम्पराअनुसार उनी १३ औं वा १४औं शताब्दीका वीर, न्यायप्रिय र जनमुखी सामाजिक शासक थिए। उनको कथा लिखित इतिहासमा सीमित रूपमा पाइए पनि लोकगीत, नाच, नाटक र सामुदायिक स्मृतिमा गहिरोसँग स्थापित छ। इतिहासशास्त्रीय दृष्टिले हेर्दा सलहेशजस्ता पात्रहरू 'लोकइतिहास' का प्रतिनिधि हुन्–जहाँ औपचारिक दस्तावेजभन्दा जनस्मृति र सांस्कृतिक अभ्यासले इतिहास निर्माण गर्छ। दलित समुदायले भोग्दै आएको ऐतिहासिक विभेद, बहिष्कार र शोषणको सन्दर्भमा सलहेशको कथा आत्मसम्मानको स्रोत बनेको छ। यसले एउटा सन्देश दिन्छ–"हामी पनि इतिहासका निर्माता हौं।"

राजा सलहेशसँग सम्बन्धित प्रमुख स्थलका रूपमा महिसौथा गढलाई लिइन्छ। यसलाई उनको दरबार रहेको स्थान मानिन्छ। यस्ता स्थलहरू केवल धार्मिक केन्द्र मात्र होइनन्, यी सांस्कृतिक भूगोलका महत्त्वपूर्ण अङ्ग हुन्। फूलबारी मेला वरिपरि मानिक दह, पोखरीया गढ, पतारी ऐतिहासिक मेलाहरू पनि लाग्ने गर्छन्। यसले कुनै समुदायको ऐतिहासिक उपस्थिति, सांस्कृतिक निरन्तरता र पहिचानलाई भौगोलिक रूपमा स्थापित गर्छन् तर विडम्बना के छ भने यस्ता स्थलहरूको संरक्षणमा राज्यको ध्यान अझै पुग्न सकेको छैन। यदि महिसौथा गढलगायतका क्षेत्रहरूको वैज्ञानिक अध्ययन, संरक्षण र व्यवस्थित प्रवर्द्धन गरियो भने यसले राष्ट्रिय सम्पदाका रूपमा मान्यता पाउन सक्छ भने अन्तर्राष्ट्रिय बजारीकरण पनि गर्न सकिन्छ।

सिरहाको लहान क्षेत्रमा पर्ने सलहेश फूलबारीमा लाग्ने मेला यस सम्पूर्ण परम्पराको केन्द्र हो। यसको मूल कथा राजा सलहेश र मालिनीबिचको प्रेमसँग जोडिएको छ। जनविश्वासअनुसार हरेक वर्ष वैशाख महिनामा फूलबारीको एक विशेष रुखमा सुनाखरी फूल आफैँ फुल्ने गर्दछ, जसलाई सलहेश र मालिनीको प्रतीकात्मक मिलनको रूपमा व्याख्या गरिन्छ। वैज्ञानिक दृष्टिले यो मौसमी जैविक प्रक्रिया हुन सक्छ। तर स्थानीय समुदायका लागि यो दिव्य चमत्कार हो। यही बिन्दुमा विज्ञान र आस्थाबिचको सहअस्तित्व देखिन्छ। समाजशास्त्रीय रूपमा हेर्दा यस्ता विश्वासहरूले समुदायलाई एकताबद्ध बनाउने, सांस्कृतिक निरन्तरता कायम राख्ने र सामूहिक पहिचान निर्माण गर्ने काम गर्छन्।

फूलबारी मेला नेपालको मात्र होइन्, भारतको बिहार राज्यसँग पनि गहिरो रूपमा जोडिएको छ। हरेक वर्ष हजारौं श्रद्धालु बिहारबाट यहाँ आउने गर्छन्। यसले मधेसको सांस्कृतिक सम्बन्धलाई सीमापार विस्तार गरेको छ। यसलाई 'ट्रान्सनेशनल कल्चर' का रूपमा व्याख्या गर्न सकिन्छ–जहाँ संस्कृति राजनीतिक सीमाभन्दा माथि उठेर समुदायलाई जोड्छ। यो पक्षले नेपाल-भारतबिच सांस्कृतिक कूटनीतिलाई मजबुत बनाउन ठूलो भूमिका खेल्न सक्छ। यदि राज्यले यसलाई सही रूपमा उपयोग गर्न सकेमा यो क्षेत्र सांस्कृतिक सहकार्यको उत्कृष्ट उदाहरण बन्न सक्छ। अघिल्लो वर्ष यो धर्तीलाई थप परिस्कृत तथा अन्तर्राष्ट्रियकरण गर्न डा. भीम राव अम्बेडकरको शालिकसहित पार्क बनाउने सुनिश्चित भएको थियो। तर विवादको कारण सफल हुन सकेन।

फूलबारी मेला केवल सांस्कृतिक कार्यक्रम मात्र होइन्, यो स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण आधार पनि हो। प्रत्येक वर्ष हजारौं मानिसहरूको सहभागिताले बजारमा ठूलो आर्थिक गतिविधि सिर्जना गर्छ। होटल, यातायात, खुद्रा व्यापार, हस्तकला र खाद्य व्यवसायले राम्रो आम्दानी गर्छन्। यसले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउँछ। यदि यसलाई व्यवस्थित पर्यटनसँग जोड्न सकियो भने यो क्षेत्र आर्थिक रूपमा अझ सशक्त बन्न सक्छ तर हालसम्म योजनाबद्ध विकासको अभाव, अस्थायी संरचना र कमजोर व्यवस्थापनले यसको पूर्ण सम्भावना उपयोग हुन सकेको छैन।

फूलबारी मेलाको सबैभन्दा महत्त्वपूर्ण पक्ष यसको सामाजिक र राजनीतिक सन्देश हो। दलित समुदायका लागि सलहेश केवल देवता होइनन्, उनी आत्मसम्मान र प्रतिरोधका प्रतीक हुन्। नेपालको ऐतिहासिक रूपमा विभेदपूर्ण सामाजिक संरचनामा सलहेशको कथा वैकल्पिक शक्ति स्रोत बनेको छ। यसले पहिचान, समानता र अधिकारका लागि सङ्घर्ष गर्ने प्रेरणा दिन्छ। यसलाई 'सांस्कृतिक राजनीति' का रूपमा पनि बुझ्न सकिन्छ–जहाँ सांस्कृतिक अभ्यासहरू सामाजिक परिवर्तनका माध्यम बन्छन्।

यति महत्त्वपूर्ण सांस्कृतिक सम्पदा हुँदाहुँदै पनि फूलबारी मेला अझै राष्ट्रिय सीमाभित्रै सीमित छ। यसको अन्तर्राष्ट्रियकरण आवश्यक हुनुका प्रमुख कारणहरू स्पष्ट छन्। पहिलो, विश्वव्यापी पहिचानका लागि–मधेसी दलित समुदायको समृद्ध इतिहास र सांस्कृतिक विरासतलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन आवश्यक छ। दोस्रो, पर्यटन प्रवर्द्धनका लागि–धार्मिक तथा सांस्कृतिक पर्यटनमार्फत विदेशी पर्यटक आकर्षित गरी देशको पर्यटन क्षेत्रलाई बलियो बनाउन सकिन्छ। तेस्रो, आर्थिक सशक्तीकरणका लागि–मेलासँग जोडिएका स्थानीय व्यवसाय, हस्तकला र सेवा क्षेत्रलाई दिगो रूपमा सुदृढ गर्न अन्तर्राष्ट्रिय ध्यान आवश्यक हुन्छ। चौथो, सांस्कृतिक कूटनीतिका लागि–नेपाल, भारतलगायत अन्य देशहरूसँग सांस्कृतिक सम्बन्ध विस्तार गर्दै आपसी समझदारी र सहकार्यलाई अझ मजबुत बनाउन यसको अन्तर्राष्ट्रियकरण अपरिहार्य देखिन्छ।

अन्तर्राष्ट्रियकरणका सम्भावित उपायहरू

सलहेश फूलबारी मेलाको संरक्षण, प्रवर्द्धन र अन्तर्राष्ट्रियकरणका लागि दीर्घकालीन र बहुआयामिक रणनीति आवश्यक छ। सबैभन्दा पहिले, सलहेश परम्परालाई "युनेस्को अमूर्त सांस्कृतिक सम्पदा" सूचीमा सूचीकृत गराउने पहलले यसको अन्तर्राष्ट्रिय मान्यता र संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। त्यसैगरी फूलबारी मेला, महिसौथा गढ, मनिक दह, पोखडीया गढ, पतारी तथा सप्तरीका दिनाभद्री मन्दिरलाई जोडेर "दलित सांस्कृतिक सलहेश सर्किट" निर्माण गर्न सकिन्छ। जसले धार्मिक-सांस्कृतिक पर्यटनलाई बढावा दिन्छ र स्थानीय अर्थतन्त्र सुदृढ बनाउँछ।

डिजिटल अभिलेखीकरणमार्फत सलहेशसँग सम्बन्धित लोककथा, गीत, नाटक र अनुष्ठानहरू सुरक्षित गर्नुपर्छ, जसले मौखिक परम्परालाई दीर्घकालीन रूपमा जोगाउँछ। साथै अन्तर्राष्ट्रिय महोत्सव आयोजना, पूर्वाधार विकास (सडक, होटल, सरसफाइ, सूचना केन्द्र) र शैक्षिक पाठ्यक्रममा समावेशीकरण पनि आवश्यक छन्। तर, पूर्वाधारको अभाव, व्यवस्थापन कमजोरी र संरक्षण चुनौतीहरूलाई समाधान गर्न राज्य, स्थानीय तह, निजी क्षेत्र र समुदायबिच सहकार्य अपरिहार्य छ। समावेशी दृष्टिकोण अपनाएर मात्र दलित समुदायसँग जोडिएको सलहेश परम्पराको दीगो संरक्षण सम्भव हुन्छ।

अन्त्यमा राजा सलहेश र फूलबारी मेला केवल धार्मिक वा सांस्कृतिक कार्यक्रम मात्र होइन। यो मधेसी दलित समुदायको आत्मा, इतिहास, प्रेम, सङ्घर्ष र पहिचानको सङ्गम हो। तर यसलाई एउटै जातिसँग मात्र जोड्नु हुँदैन, तर ऐतिहासिकता भने जोड्नुपर्छ। र, सबैको साझा र राष्ट्रकै सम्पत्तिको रूपमा विकास गर्नुपर्छ। यसले नयाँ वर्षलाई समयको परिवर्तनको रूपमा मात्र होइन, सामाजिक चेतनाको पुनर्जागरणका रूपमा स्थापित गर्छ। त्यसैले यसको संरक्षण र प्रवर्द्धन गर्नु केवल स्थानीय समुदायको जिम्मेवारी मात्र होइन, सम्पूर्ण राष्ट्रको कर्तव्य हो। अब नीतिगत प्रतिबद्धता, वैज्ञानिक अध्ययन, सांस्कृतिक सम्मान र दिगो विकासको स्पष्ट दृष्टिकोणको आवश्यक छ। यदि हामीले समयमै यसलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न सक्यौं भने वैशाख १ को फूलबारी मेला केवल एउटा परम्परा मात्र नभई नेपालको राष्ट्रिय गौरव र विश्व सांस्कृतिक सम्पदाको उज्यालो प्रतीक बन्न सक्छ।

# अन्धराष्ट्रवाद र सङ्कीर्ण राष्ट्रवाद के हो ?

केही नेता र प्राध्यापकहरू राष्ट्र, 'राष्ट्रियता', 'राष्ट्रवाद' र 'राष्ट्रवादी' शब्दहरूमा ठुलो भ्रम राख्छन् ।

भारत एउटा राज्य हो तर भारतमा धेरै राष्ट्रहरू छन् । निश्चित भूमि, जनसङ्ख्या, सरकार र सार्वभौमिकता सम्पन्न देशलाई राज्य भनिन्छ । भारत एक सार्वभौम देश हो भन्नुको अर्थ त्यसको सीमा (भूमि) भित्र भारत सरकारले शासन गर्छ भन्ने हो ।

प्रजग कोरिया एउटै जातजाति र भाषाभाषीको देश हो । प्रजग कोरिया एक सार्वभौम देश हो । एउटै जाति र भाषाभाषीको यो देश साम्राज्यवादीहरूको कारण उत्तर र दक्षिणमा विभाजित छ ।

राज्य र निश्चित सीमामा बसोबास गरेका सबै किसिमका जातजाति र भाषाभाषी, रीतिरिवाज, कला, संस्कृति भएका राष्ट्रहरू मिल्ने आशयमा 'राष्ट्रिय एकता' को अर्थ लाग्छ ।

पृथ्वीनारायण शाहको विजयपहिले नेपालमा धेरै राज्य थिए; ती राज्यले आ-आफ्ना सार्वभौमिकता गुमाए । ती विजित राज्यहरूका सीमाभित्र रहेका जातजाति र भाषाभाषीहरूको कला-संस्कृति, रीतिरिवाजको सामूहिक भावना, तत् पराजित राज्यहरूका बाँकी भएको तत्त्व नै 'राष्ट्र' थियो र त्यो अपनत्वको भावना नै 'राष्ट्रियता' हो ।

राज्यसत्ताको सुरुमा अर्थात् 'नगर राज्यहरू' को बेला एउटै जाति, भाषाभाषी तथा एउटै रीतिरिवाज र संस्कृतिका बासिन्दा रहन्थे । ती नगर राज्यहरू राष्ट्रहरू पनि थिए । मध्ययुगमा आएर ठुल्ठुला राज्यहरू बने । पराजित राज्यहरू 'राष्ट्र' को रूपमा मात्र रहे ।

दासयुगले नगर राज्यहरूमा समेत जातीय विविधता ल्यायो । जितिएका जातिहरू नै त्यसबेलाका दासहरू थिए । ठुल्ठुला राज्यहरूले धेरै देशहरू जिते र धेरै राष्ट्रहरूको समूह बने । राज्य सत्ताको विकासले स-साना जातजाति, भाषाभाषी र राष्ट्रहरू एक भएजस्तै विजयी राष्ट्रले अरू राष्ट्रहरूलाई पनि राज्यमा मिलाएजस्तै 'एउटै भाषा, एउटै धर्म र राष्ट्र' बनाए । अनि एउटै राज्यमा र राष्ट्रले रीतिरिवाज र संस्कृतिमा विविधता प्रदान गरे ।

त्यही राष्ट्रिय भावनाको जगमा बनेको जनताको एकतालाई शासकहरूले राज्य विस्तारमा लगाए । मुसोलिनीले 'रोमको गौरव' फर्काउने र 'राष्ट्रियता' को नारामा प्रजातान्त्रिक अधिकार प्रेस स्वतन्त्रता र अन्य राज्यको सार्वभौमिकता तथा राष्ट्रियतालाई मिच्दै लगे ।

हिटलरले जर्मन भाषा, संस्कृति र जर्मन राष्ट्रको नाममा युद्ध र आक्रमणलाई अगाडि बढाए । यसरी नै नेपोलियनले फ्रान्सेली राष्ट्रलाई सबभन्दा ठुलो राष्ट्र सम्झे र चाउमिनिज्म अर्थात् 'ठुलो राष्ट्र अहङ्कारवाद' को जन्म भयो ।

नेपालको वर्तमान सन्दर्भमा भारतीय विस्तारवादको विरोधमा लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायत सीमाका विभिन्न ठाउँमा भएको थिचोमिचोबारे अडान लिनु देशको सार्वभौमिकतासँग सम्बन्धित विषय हो । यसको 'राष्ट्र' र 'राष्ट्रियता' सँग कुनै नाता छैन । तर, भारतको वर्तमान भाजपाको 'राष्ट्र' र 'राष्ट्रियता' बडाराष्ट्र अहङ्कारवाद हो । नेपाली र भारतीय जनताले त्यसको विरोध गर्नुपर्ने हो । जात, भाषा, धर्म र राष्ट्रको नाममा गरिने शासनको अत्याचार नै फासीवाद हो । अन्धराष्ट्रवाद र सङ्कीर्ण राष्ट्रवाद प्रतिक्रियावादी दृष्टिकोण हो । ट्रम्पको राष्ट्रवाद र मोदीको हिन्दू अतिवाद नयाँ फासीवाद र नाजीवाद हो । अरू जाति, भाषा, धर्म, संस्कृति र रीतिरिवाज सबैलाई मिचेर अघि बढ्ने फासीवाद 'एमसीसी' को नाममा आउनेछ ।

*२८ वैशाख २०७८ (11 May 2021)*

# पेट्रोलियम पदार्थको मूल्यवृद्धिले ठुला विकास आयोजना प्रभावित

महेन्द्रनगर, १ वैशाख । पछिल्लो समय पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र आपूर्तिमा देखिएको समस्याका कारण सुदूरपश्चिममा ठुला विकास आयोजनाको काम प्रभावित बनेका छन् ।

निर्माण व्यवसायीहरूले आफूसित मौज्दात रहेको इन्धनबाट काम गरिरहेको भए पनि इन्धनमा भएको मूल्यवृद्धि र अभावका कारण आयोजनालाई अगाडि बढाउन समस्यामा परेका बताइएको छ । यहाँको सेती राजमार्ग दक्षिण खण्ड ( टीकापुर-लोडे-चैनपुर-ताक्लाकोट सडक आयोजना)को काम बन्द हुने अवस्थामा पुगेको आयोजना प्रमुख रामकुमार देवले बताउनुभयो ।

"निर्माण व्यवसायीसित भएको मौज्दात इन्धन सकियो अब काम रोकिने अवस्थामा गइसक्यो", उहाँले भन्नुभयो, "ट्र्याक खोल्न प्रयोग भएका ठुला उपकरण पनि रोकिसके ।" दुई सय चार किलोमिटरका उक्त आयोजना २०७४ सालदेखि सुरु भएको हो । आयोजनाअन्तर्गत ३५ किलोमिटर ट्र्याक खोल्न बाँकी छ । हालसम्म कूल दश किलोमिटर खण्ड कालोपत्रे भएको छ । आयोजनाअन्तर्गत डोटी, अछाम र कैलालीमा विभिन्न प्याकेजमा काम भइरहेको आयोजना प्रमुख देवले जानकारी दिनुभयो ।

"चालु आर्थिक वर्षमा सात किमी कालोपत्रे भयो", उहाँले भन्नुभयो, "कालोपत्रे गर्न बिटुमिनको अभाव छ", चालु आवमा उक्त आयोजनाका लागि सरकारले रु. २५ करोड रकम विनियोजन गरेको उहाँको भनाइ छ", काम सुस्त भयो । बन्द हुने अवस्था छ । मेसिनरी बन्द हुने अवस्थामा छन्", उहाँले भन्नुभयो, "महँगो पनि पाउन गाह्रो पनि भयो ।"

पेट्रोलियम पदार्थ मूल्य वृद्धिपछि निर्माण व्यवसायीहरूले काम गर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिन थालेका छन् । सुदूरपश्चिमकै गौरवको महाकाली सिँचाइ तेस्रो चरण आयोजनासमेत यसको प्रभाव परेको छ । सिँचाइको मूल नहर निर्माणका लागि सात प्याकेजमा ठेक्का सम्झौता भएर काम भइरहेको भए पनि अहिले निर्माण व्यवसायीहरूले कार्यालयमा मूल्यवृद्धिले काम गर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिएको महाकाली सिँचाइ तेस्रो चरण आयोजना कार्यालयका सूचना अधिकारी यादव बरालले जानकारी दिनुभयो ।

उहाँका अनुसार कार्यालयले नदी नियन्त्रणका लागि ठेक्का लगाए पनि तारजालीको मूल्य वृद्धिका कारण काम हुन सकेको छैन । "मूल्यवृद्धिका कारण नदी नियन्त्रणका लागि ठेक्का भएको काम हुन सकेको छैन, यसले बर्सातमा समस्या पार्छ कि भन्ने डर छ ।" सूचना अधिकारी बरालले भन्नुभयो, "पेट्रोलियम पदार्थमा मूल्यवृद्धि भएपछि निर्माण व्यवसायीहरूले पनि कार्यालयमा निवेदन दिएका छन् ।"

त्यसैगरी महँकाली करिडोरको काम पनि मूल्य वृद्धिको असरको चपेटामा छ । तेह्र वटा प्याकेजमा ठेक्का भई कञ्चनपुरदेखि दार्चुलाको तिङ्करसम्मको करिडोरको निर्माण भइरहेको भए पनि पछिल्लो समय निर्माण व्यवसायीले महँगी बढेको जनाउँदै काम गर्न छाडेका छन् ।

महाकाली करिडोर (ब्रह्मदेव-झुलाघाट-दार्चुला-तिङ्कर) सडक योजना कार्यालयका सूचना अधिकारी दिनेश रैखोलाले इन्धन, बिटुविनलगायतका सामग्रीको भएको मूल्यवृद्धिका कारण करिडोरको काम प्रभावित बनेको बताउनुभयो । चार सय २५ किलोमिटर खण्डको उक्त करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा ५६, बैतडीमा १४४ र दार्चुलामा १२० किलोमिटर सडक पर्छ । दार्चुलामा ७९ किलोमिटर सडकको ट्र्याक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ । निर्माण व्यवसायीले मूल्यवृद्धि समायोजन नहुँदासम्म काम गर्न नसकिने बताउँदै सरकारलाई मूल्यवृद्धि समायोजनको माग गरेका छन् ।

निर्माण व्यवसायी कञ्चनपुरका अध्यक्ष पुष्पराज अवस्थीले निर्माण व्यवसायीहरूले निर्माण उद्योगमा आपत्काल घोषणाको माग गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्माण व्यवसायीहरूले घरदेख बेचेर काम गनुपर्ने अवस्था आएको छ ।" सङ्घमा आबद्ध कञ्चनपुरका ६०० बढी निर्माण व्यवसायीहरूले बजारमा देखिएको मूल्यवृद्धि र सामग्री अभावका कारण काम गर्न नसकिने बताउँदै निर्माण होलिडेको तयारी गरिरहेको उहाँले बताउनुभयो । ***(रासस)***

# पाँच वर्षभित्र सरकारी सेवामा २५ प्रतिशत नयाँ जनशक्ति थप्ने

काठमाडौँ, १ वैशाख । सरकारले आगामी ५ वर्षभित्र सरकारी सेवामा २५ प्रतिशत नयाँ जनशक्ति भित्र्याउने योजना बनाएको छ । राष्ट्रिय मान्यता प्राप्त ६ राजनीतिक दलका चुनावी प्रतिबद्धता समेटेर सरकारले बनाएको राष्ट्रिय प्रतिबद्धता मस्यौदामा यस्तो प्रस्ताव गरेको हो ।

सरकारले सङ्घीय मन्त्रालयको सङ्ख्या १७ कायम गरिने पनि जनाएको छ । यसअघि रास्वपाले आफ्नो चुनावी वाचापत्रमा मन्त्रालय १७ बनाउने उल्लेख गरेको थियो ।

त्यसक्रममा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अन्तर मन्त्रालय समन्वय, जलवायु परिवर्तन, ठुला आयोजनाको प्रत्यक्ष अनुगमन गर्ने नतिजा केन्द्रको रूपमा रूपान्तरण गरिने सरकारको प्रतिबद्धतामा उल्लेख छ ।

सरकारले सार्वजनिक गरेको प्रतिबद्धतामा भनिएको छ, 'सङ्घ, प्रदेश र स्थानीय प्रशासनबिच प्रभावकारी अन्तरसम्बन्ध कायम गर्न योग्यतामा आधारित प्रणाली स्थापित गर्न, अनावश्यक र कार्यगत दोहोरोपना हटाउन र प्रतिस्पर्धामा आधारित सार्वजनिक प्रशासनको पुनर्संरचना गर्न उच्चस्तरीय प्रशासन संरचना पुनरावलोकन आयोग गठन गरिनेछ ।'

त्यस्तै, राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यक्षेत्र तथा अधिकार कानुनद्वारा स्पष्ट परिभाषित गरिने पनि सरकारले जनाएको छ । 'आउँदो पाँच वर्षभित्र सरकारी सेवामा २५ प्रतिशत नयाँ र सक्षम जनशक्ति भित्र्याइनेछ', प्रतिबद्धतापत्रमा भनिएको छ ।

नतिजामूलक प्रशासन सुनिश्चित गर्न स्पष्ट कार्य सम्पादन सूचकाङ्क, मूल्याङ्कन, पदोन्नति र वृत्ति विकासको व्यवस्थासहित निजामती सेवासम्बन्धी कानुन पनि जारी गर्ने सरकारले जनाएको छ ।

भत्ता लगायतका असङ्गत अतिरिक्त सुविधाहरूको सट्टा आधारभूत वेतनलाई उचित, नियमित र समय सापेक्ष परिमार्जन गरी कार्यान्वयन गरिने तथा सेवा लिन कार्यालय कार्यालय धाउनुपर्ने, मध्यस्थ र कर्मचारीसँग प्रत्यक्ष भेट गर्नुपर्ने, अनावश्यक हैरानी अन्त्य गरिने सरकारले जनाएको छ ।

प्रक्रिया लेखाजोखा गरी परम्परागत र झन्झटिलो तहगत टिप्पणी प्रथाका साथै कागजमा आधारित प्रशासनिक प्रक्रिया चरणबद्ध रूपमा अन्त्य गर्दै सार्वजनिक सेवा प्रवाहमा टाइम कार्ड लागू गर्ने सरकारको योजनामा उल्लेख छ । सरकारले दलहरूलाई प्रतिबद्धतापत्रमा वैशाख १० गतेभित्र सुझाव दिन भनेको छ ।



नयाँ वर्ष वैशाख १, २०८३ को बिहान भक्तपुरको भेलुखेलमा अघिल्लो साँझ ठड्याइएको योसिंद्यो र भैरवनाथको रथसँगै जात्रालुहरू । *तस्बिर : मजदुर दैनिक*

# मध्यपूर्व युद्धको असर- ऊर्जा, खाद्य र रोजगारीमा दबाब

## कम आय भएका देश सबैभन्दा बढी प्रभावित

काठमाडौँ, १ वैशाख । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्क समूहले मध्यपूर्वमा जारी युद्धका कारण विश्वव्यापी रूपमा ऊर्जा र अर्थतन्त्रमा गम्भीर र असमान असर परेको जनाएका छन् ।

यी तीन निकायले संयुक्त विज्ञप्ति जारी गर्दै विशेषगरी ऊर्जा आयातमा निर्भर तथा न्यून आय भएका देशहरूमा यसको प्रभाव बढी देखिएको उल्लेख गरेका हुन् । तेल, ग्यास र मलको मूल्य बढ्दा खाद्य सुरक्षामा जोखिम बढेको र रोजगारीमा पनि असर पर्ने बताइएको छ । उनीहरूको संयुक्त विज्ञप्तिमा युद्धको प्रभाव अझै अनिश्चित रहेको उल्लेख छ ।

विशेषगरी स्ट्रेट अफ हर्मुजबाट हुने ढुवानी पूर्ण रूपमा सामान्य नभएकोले आपूर्ति व्यवस्थामा समस्या कायम रहेको बताइएको छ । ढुवानी सामान्य भए पनि युद्धअघि जस्तो आपूर्ति स्तरमा फर्किन समय लाग्ने र पूर्वाधारमा भएको क्षतिको कारण इन्धन तथा मलको मूल्य लामो समयसम्म उच्च रहन सक्ने उल्लेख गरिएको छ ।

आपूर्ति अवरोधका कारण आवश्यक कच्चा पदार्थको अभावले ऊर्जा, खाद्य र अन्य उद्योगमा थप दबाब पर्ने सम्भावना रहेको जनाइएको छ ।

युद्धका कारण ठुलो सङ्ख्यामा मानिस विस्थापित भएका छन्, रोजगारी प्रभावित भएको छ र पर्यटन तथा यात्रा गतिविधि घटेको छ ।

यी क्षेत्रहरू सामान्य अवस्थामा फर्कन समय लाग्ने उल्लेख गरिएको छ ।

ती संस्थाहरूले सबैभन्दा बढी प्रभावित देशहरूको अवस्थाबारे समीक्षा गर्दै आवश्यकताअनुसार नीति सुझाव र वित्तीय सहयोग प्रदान गर्ने तयारी रहेको बताएका छन् । उनीहरूबिच देशस्तरमै सहकार्य भइरहेको र प्रभावित देशहरूलाई लक्षित सहयोग उपलब्ध गराइने जनाइएको छ ।

ऊर्जा बजार, विश्व अर्थतन्त्र र विभिन्न देशहरूमा परेको प्रभावको निरन्तर अनुगमन गर्दै स्थायित्व, आर्थिक वृद्धि र रोजगारी सुनिश्चित गर्ने दिशामा समन्वित प्रयास जारी राख्ने पनि संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ ।

***नवउदारवादले...***

इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणका सन्दर्भमा दक्षिणी गोलार्द्धका धेरै देशहरूले किन मौनता साधे । उनीहरूको यो रवैया झट्ट हेर्दा छलकारी लागे पनि यो कुनै छलछाम होइन । केही समय यता नवउदारवादी अर्थनीतिले आफ्नो काम गर्दै आएको छ । यसले राष्ट्रको अवधारणा र असंलग्नताको अवधारणालाई ध्वस्त पार्दै छ । यसले गर्दा यी अवधारणाको साम्राज्यवादविरोधी मर्मलाई लत्याइँदै छ । त्यसको ठाउँ वैकल्पिक अवधारणाले लिँदै छ । यो नयाँ अवधारणाले सबथोक एकातिर पन्छ्याएर साम्राज्यवादको खुसामद गर्ने कार्यलाई प्राथमिकता दिँदै छ । यही प्रक्रियाको नतिजा आज हामी देख्दै छौँ ।

पुँजीवाद आफूविरुद्ध गरिने सामूहिक अभ्यासविरुद्ध एकदम आक्रामक छ । ट्रेड युनियनले जस्तो सामान्य सामूहिक अभ्यास गऱ्यो भने पनि पुँजीवादले सहँदैन । यसले आर्थिक एजेन्टहरूलाई टुक्राटुक्रा पार्छ । नवउदार पुँजीवाद भन्नु नै पुरानो निर्बाध र अनियन्त्रित पुँजीवादमा फर्किनु हो; आर्थिक एजेन्टहरूलाई टुक्राटुक्रा पार्ने प्रवृत्तिलाई प्रश्रय दिनु हो । यसको लागि दुई तरिका अपनाइन्छ - उपनिवेशवादविरोधी सङ्घर्षमा सहभागी हुँदा जन्मेको वर्गीय एकतालाई तोड्ने; र, साम्राज्यवादी वर्चस्वविरुद्ध दक्षिणी गोलार्द्धका देशहरूले सामूहिक विरोध प्रकट गर्नका लागि खडा गरेको असंलग्न आन्दोलनलाई ध्वस्त पार्ने ।

तसर्थ, इरानका जनताप्रति ऐक्यबद्धता जनाउने दायित्व दक्षिणी गोलार्द्धका जनताको काँधमा छ । शासनमा विराजमान ठुला पुँजीपतिहरूको स्वार्थरक्षामा तल्लीन सरकारहरूबाट केही आस गर्न सकिन्न । दक्षिणी गोलार्द्धका देशहरूको सार्वभौमिकता फिर्ता ल्याउन अमेरिका-इजरायलसँग इरानले गरिरहेको सङ्घर्षको ठुलो महत्त्व छ ।

*(लेखक भारतका अर्थविद् तथा राजनीतिक विश्लेषक हुन् । राजनीतिक अर्थशास्त्रसम्बन्धी उनका धेरै पुस्तक प्रकाशित छन् । स्रोत : एमआर अनलाइन । सम्यक)*

***हतपतको...***

गान्धीजीका छोरो बम्बईका एक पत्रकार रक्सी खाएरै मरे, भारतका पहिलो राष्ट्रपति राजेन्द्रप्रसादको छोराले एक किसानलाई गोली हानेर मारे, स्थानीय प्रशासनले पक्राउ गर्न डराउँदा माथिबाट पक्राउको आदेश दिलायो र पछि मिलापत्रबाट राष्ट्रपतिको छोरालाई बचाइयो ।

वर्तमान सरकारले एसईई परीक्षाको परिणाम छिटो दिने उद्देश्यले परीक्षा केन्द्रमै कापी जँचाई परीक्षाको परिणामलाई घोषणा गर्ने योजनाको अर्को कमजोरीले 'कोड-डिकोड' जस्ता बन्दोबस्तको विषयमा ध्यान नदिँदा कुन कुन विद्यार्थीले के कति अङ्क ल्यायो भनी ठाउँ ठाउँमा 'रिजल्ट आउट' भएको हल्ला व्यापक छ ।

यसकारण, हतारिएर नयाँ काम गर्दाको कस्त आउनेछ भन्नेबारे छलफलपश्चात् मात्रै काम थालेमा विवाद कम होला भन्ने हाम्रो ठम्याइ हो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा